# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ साउन २०७९

# बुधवार

# बैठक सङ्ख्या—३९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय दुर्गा गुरुङ ।

**माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेशको दैलेख श्रीस्थान पेट्रोल उत्खननको कार्य कति अगाडि बढेको छ? सोको

जानकारी सम्बन्धित मन्त्रालयबाट उपलब्ध गराई प्राथमिकतासाथ उक्त कार्यलाई अगाडि बढाउन अनुरोध गर्दछु । हवस् त, जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय नर बहादुर विष्ट ।

**माननीय श्री नर बहादुर विष्ट (माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, काठमाडौं महानगरपालिकाको फुटपाथमा रहेका व्यापारीलाई लखेट्ने काम भइरहेको छ । त्यसलाई व्यवस्थित तरिकाले करको दायरामा ल्याएर म सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारलाई ध्यानाकार्षण गर्न चाहन्छु कि सडक पेटीमा गर्ने व्यापारीहरूलाई पनि करको दायरामा ल्याएर उनलाई आफ्नो रोजी रोटीको सुनिश्चित गर्नको लागि म सम्माननीय अध्यक्षमार्फत सरकारलाई ध्यान आकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भुवन बहादुर सुनार ।

**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्ष महोदय, अहिले फेरि चैं साउन लागेपछि अहिले देशमा यो रुजु र बेरुजुको ठुलो चर्चा चलिराखेको छ । र जुन अहिले बेरुजुले अहिले एउटा चैं सबैतिर आक्रान्त बना'को छ र यो आर्थिक हिसाब गर्नेहरूले यो के हो? किन यसरी मौलायो? र कस्तो किसिमको लेखा प्रणाली अगाडि बढ्यो भन्ने विषयमा बढी चर्चा, परिचर्चा हुने गरेको छ । र हामीले पनि देखेका छौं बरुजु सङ्घमा पनि त्यस्तै छ, प्रदेशमा पनि त्यस्तै छ र स्थानीय निकायमा पनि त्यस्तै छ । र यो के भइरहेको हो? र यो बेरुजुलाई व्यवस्थित गर्न चैं राज्य किन पछाडि परिरहेको छ? र बेरुजु उठाउनुको सट्टा झन् वर्षैपिच्छे बेरुजु थपिँदै जाने । यही स्थिति भयो भने.....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर ।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, एम अधिकारी खोटाङ, यो नाउँ र ठाउँ यति बेला चर्चा प्ररिचर्चाको विषय बनेको छ । र मलाई घर घरकी कहानी जस्तो पनि भएको छ केही । र यो रहस्यमय पनि बनेको छ सम्माननीय अध्यक्ष महोदय । एमाले कुनै मान्छे लाग्न पाउँछ कि पाउँदैन? बिल्कुल पाउँछ । राष्ट्र बैङ्कको गभर्नर हुन पाउँछ कि पाउँदैन? त्यो व्यक्तिको क्षमताले पाउँछ । तर एउटै व्यक्ति दुईतिर हुन पाउँदैन । हो त्यसैले यो व्यक्ति को हो? भन्ने हामी जान्न चाहन्छौं । नेपाली जनता जान्न चाहन्छन् । एमालेका साथीहरूले त्यसैले यो कुरा स्पष्ट पार्दिनुभयो भने राम्रो हुने थियो भन्ने सानो अनुरोध हो सम्माननीय अध्यक्ष महोदय । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय प्रकाश पन्थ । समय ८ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी समृद्धिको खोजीमा खुब कुदिरहेका पनि छौं । समृद्धि हामी कहिलेकाहीँ बजेटमा खोज्छौं र कहिलेकाहीँ नीति कार्यक्रमहरूमा पनि खोज्छौं र अरू कता कता खोज्छौं र हामी भौतारिरहेको अवस्थाहरू पनि छ । तर असल कानुनको निर्माण र सफल कार्यान्वयनबाट समृद्धि आउँछ भन्ने कुरातिर हाम्रो अलिकति कम ध्यान गइरहेको स्थितिहरू छ । यो कस्तुरीको बिना जस्तो छ । आफैसित भ'को कुरा बिर्सेर अन्त अन्त हामी खोजिरहेका अवस्थाहरू छ । आजको विशेष समयमा यसैको सेरोफेरोमा हुने छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल कानुन आयोगको वेबसाइटमा मैले सरसर्ति हेरेको त्यहाँ चैं ३५० भन्दा बढी विभिन्न ऐनहरू अहिले प्रचलनमा रहेका मैले भेटैं । लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुग्दाखेरि पञ्चायत कालभन्दा अघिदेखिका थुप्रै ऐनहरू अहिले प्रचलनमा छन् । २०४६ सालपछिका अधिकांश ऐनहरूबाटै अहिलेको

मुलुकहरू चलिरहेको छ । लोकतजन्त्रिक गणतन्त्र घोषणा भएपछाडि र २०७२ सालको संविधानपछाडि पनि त्यसपछि पनि नेपाल अनुकूल बनाउने भनेर थुप्रै ऐनहरू चैं आए । तर तिनीहरूलाई चैं खालि त्यो संशोधन त गर्न खोज्यो हामीले तर त्यसमा प्राय सङ्घीय मन्त्रालय भन्ने ठाउँहरूमा चैं अब त्यो एउटा केन्द्रीय भन्या ठाउँमा सङ्घीय रूपमा मिलाउने हिसाबले मात्रै बढी त्यसमा केन्द्रित भ'को हामीले पायौं । अधिकांश ऐनहरू संशोधन त भए तर त्यहाँ के छ भन्दाखेरि केन्द्रीय भनेको ठाउँमा सङ्घीय, अञ्चल क्षेत्र भनेको ठाउँमा चैं प्रदेश र जिल्ला विकास समिति गा.वि.स. भनेको ठाउँमा चैं स्थानीय तह भन्ने हिसाबले यसरी मिलाउने, शब्दावलीहरू मात्रै मिलाउने गरी अनुकूल बनाउन खोजेको हामी देखेका छौं । यो एउटा यथार्थ हो र अचम्म मान्नुपर्ने कुरै छैन । हामीले हेर्यौं भने यो कुराहरू देख्छौं ।

अब नेपालमा संविधान जारी भएपछाडि थुप्रै अरू पनि संविधान कार्यान्वयन गर्ने, मौलिक हक कार्यान्वयन गर्ने ऐनहरू बने । अब दर्जनौं, थुप्रै बने । तर तिनको कार्यान्वयनको अवस्था अझै एकदम कमजोर र नाजुक छ । यो एकदम हामी सबैलाई जग जाहेर भएकै विषय हो । संसदमा अहिले पनि धेरै जसो विधेयकहरू छलफल गर्दाखेरि महिलाका लागि ३३ पर्सेन्ट खोइ भन्न अहिले पनि परेको छ । समावेशी किन छुटाइयो भनेर अहिले पनि भन्नुपरेको छ । दलित, महिला, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिलगायतका थुप्रै वर्गहरूले अहिले पनि हामी कहाँ हो? हामी किन छुट्यौं? हामी कता हो? भन्न परेकै स्थितिहरू छ । एउटा जनजीवनमा, एउटा धरातलमा होइन कि संसदमा, पार्लियामेन्टमा, समितिमा यो बहस अहिले पनि जारी छ भनेपछाडि हाम्रो अवस्था एउटै हो, कानुनको अवस्था अहिले हामीले एउटा हो यो ।

तपाईंलाई अर्को उदाहरण दिन्छु मैले २०३३ सालमा बनेको पञ्चायत कालीन सामाजिक सुधार ऐनमार्फत नै अहिले स्थानीय प्रशासनले समाज सुधारको प्रयासहरू गरिरहेको छ । हाम्रो समाजका आचरण सुधार गर्न खोजिरहेको छ । किनकि यो ऐन अहिले पनि छ नि त, प्रचलित छ नि त । विवाह हुँदा दाइजो लिन नहुने, जन्ती ५१ जना जानेदेखि लिएर थुप्रै कुराहरू त्यसमा लेखिएको छ । भोज भतेरामा पनि ५१ जनाभन्दा बढी नहुने भनेर लेख्या छ । त्यो गरेमा, उल्लङ्घन गरेमा कारबाही गर्ने पनि भन्या छ । अनि यसमा बिचार गरौं त एकैछिन सोचौं त समाज कता छ? ऐन कानुन कता छ? हामी कहाँ छौं? यी सबै कुराहरूले अहिले हाम्रो विद्यमान कानुनको अवस्थाहरूको बारेमा अहिले एउटा अवस्था चित्रण गरेको छ । अहिलेसम्म प्रचलनमा

रहेका त्यस्ता ऐनहरूलाई न संशोधन भा'को छ, न हटाइएको छ, न खारेज गरिएको छ । प्रश्न उठ्या छ अहिले हामीकहाँ । अब दुइटा प्रश्न छ । एउटा चैं समाज र व्यवहार अनुकूल कानुन छन् कि छैनन्? भन्ने कुरा छ एउटा । अथवा कानुन हामीले पालना गरैं, गरेन? भन्ने कुराहरूको प्रश्नहरू अहिले उठिरहेको छ ।

अर्को कुरा हामी भरखरै २ वर्ष हामिले कोभिडको महामारी भोग्यौं । दुनियाँका मुलुकहरूले दुई दिनमै संसदबाट ऐन बनाएर कोभिड व्यवस्थापन गर्‍यो । तर हामिले उही २०२० सालमै बनेको सङ्क्रामक रोग ऐनबाट शासन चलायौं । महामारीको व्यवस्थापन गर्न खोज्यौं । जनताहरूलाई दुःख सास्ती दिनुसम्म दियौं र पछि अध्यादेश लेरायौं । र अहिले संसदमा बल्ल बल्ल विधेयक आइपुग्या छ । अर्को एउटा अवस्था हो ।

अनि २०७२ सालपछाडि अर्को कुरा संविधान जारी भयो । संविधान जारी भएपछाडि ३ वर्षभित्र चैं अब यो कानुन बनाएर दलितहरूलाई जग्गाहरू, आवासको व्यवस्था गर्ने भन्यौं भूमिहीनहरूलाई । तर त्यो अहिलेसम्म दलितहरूको तथ्याङ्कसम्म लिने काम भा' छैन भनेपछि हाम्रो कानुन कार्यान्वयनको अवस्थाहरू चैं यस्तो छ । यो हाम्रो अहिलेको एकदम कानुनी व्यवस्था र हाम्रो अभ्यास हाम्रो कार्यान्वयनको अवस्थाको एउटा ज्वलन्त उदाहरण हो ।

अर्को एउटा उदाहरण भन्न चाहन्छु । एकजना व्यक्तिले चैं महिला हिसांसम्बन्धी गम्भीर अपराध गर्‍यो । फौजदारी कसुरमा उसलाई अभियोग र समाज गर्नुपर्ने थियो तर त्यहाँ चाहिँ के भयो भन्दा यी दुइटा महिला पुरुषहरू चैं सोसियल मिडियाबाट भेट भ'को रैछ । त्यहीबाट गफहरू सुरु भएर यहाँसम्म आइपुगेको रैछ भन्ने हिसाबले त्यो साइबर क्राइमबाटै उनीहरूलाई चैं त्योबाट चैं मुद्दा लगाएर उसलाई उम्काउने, बचाउने कोसिसहरू भयो भनेपछि कार्यान्वयनको अर्को अवस्थाहरू यो हाम्रो पछिल्लो लेटेस्ट अवस्थाहरू चैं यस्तो यस्तो किसिमको पनि छ । त्यही भएर यी कानुनी एउटा प्रतिनिधि पात्र हो । प्रतिनिधि कानुनहरू मात्र मैले तपाईंहरूलाई भनें । मुलुकमा यस्ता सयौं ऐनहरू छन् कि जो कार्यान्वयन भएकै छैन । समय अनुकूल संशोधन भएको पनि छैन । न तिनीहरू खारेज पनि भएको छैन । कानुन कार्यान्वयनको अवस्था एकदम कहाली लाग्दो छ । यही अवस्थामा फेरि प्रदेश र स्थानीय तहले पनि कानुनहरू

बना'को बनाइ पनि छ । यो अवस्थाले भोलि हामी कहाँ पुग्छौं भन्ने अन्यौल ग्रस्त स्थितिहरू पनि छ ।

अध्यक्ष महोदय, यो कानुन चैं बनिरहने कार्यान्वयन चैं नहुने अवस्था, समयसापेक्ष नहुने अवस्था, कानुनको जङ्गलै हुने, कानुनले उद्देश्य पूरा नगर्ने, कानुनको प्रभावकारिता नहुने, नागरिकको अवस्था उस्तै उस्तै हुने अवस्थाबाट हामीले कहिलेबाट पार पाउने? कानुन मन्त्रालयदेखि लिएर सरोकारवालहरूले यो विषयमा सोच्ने बेला आयो कि आएन? म सम्मानिता राष्ट्रिय सभामार्फत कानुनी मन्त्रालयलगायत सबै सरोकारवालहरूलाई यस विषयमा गम्भीर ध्यानाकार्षण पनि गराउन चाहन्छु । संसदीय अभ्यासमा संसदले कानुन बनाउने कुरा ठिक ठिकै हो । संसदबाट बनेका कानुनहरूको कार्यान्वयनको अनुगमन गर्ने र त्यसले उद्देश्य हासिल गर्यो, गरेन भनेर त्यसको निरीक्षण गर्ने, परीक्षण गर्ने कामहरू मूल्याङ्कन हुने कामहरू हुन सकेन ।

हामीले आर्थिक अडिटका कुरा गर्छौं, रुजु, बेरुजु थुप्रै कुरा गर्छौं । अहिले पछिल्लोपटक डेभ्लप्मेन्टमा सोसियल अटिडका कुरा छ । तर हामीले कानुनको अडिट किन नगर्ने? कानुनको अडिट गर्नुपर्ने अवस्था अहिले देखिएको छ । कानुन कार्यान्वयन कार्यापालिकाले गर्छ । उसले कार्यान्वनय गर्दोंगर्दाखेरि त्यसलाई जवाफदेही बनाउने कुरा, उत्तरदायी बनाउने कुरा त्यतिकै आवश्यक छ । संसदीय प्रणाली अपनाएपछि थुप्रै संसदीय प्रणाली अपनाएका थुप्रै मुलुकहरूले कानुनको अडिट गर्न सुरु गरिसके । त्यसको अनुगमन, मूल्याङ्कन गर्न सुरु गरिसके, त्यसको परीक्षण गर्न पनि सुरु गरिसक्यो भने हामी यसमा कति ढिलो गर्ने भन्ने कुरा छ । यसरी कानुनको अडिट गर्न सके पनि एकातर्फ कानुन कार्यान्वयनमा प्रभावकारिता आउँछ । त्यहाँ काम गर्ने निकायका कर्मचारी, पदाधिकारी पनि जिम्मेवार हुन्छन्, जवाफदेही पनि हुन्छन् भन्ने कुरा छ भने अर्कोतर्फ कानुनलाई समसमायिक बनाउने कुरा, सुधार गर्ने कुरामा पनि त्यसले सहयोग गर्छ भन्ने कुराहरू छ । कुनै पनि कानुनले के कसरी कति प्रभावकारिता काम गरेको छ भन्ने सम्बन्धमा एकदम त्यसको निरीक्षण, परीक्षण हुनु आवश्यक छ, अनगमन हुनु आवश्यक छ । त्यसको मूल्याङ्कन हुन आवश्यक छ । संसदबाट बनेका कानुनहरू अपेक्षाकृत कार्यान्वयन भएका छन् कि छैनन्? बनेका कानुनहरू कार्यान्वयन गर्न आवश्यक नियमहरू बनेका छन् कि छैनन्? संसदले बनाएका कानुनहरूले नीतिगत लक्ष्यहरू हासिल गरेका छन् कि छैनन्? भन्ने हिसाबले कानुनको अडिटहरू गर्न आवश्यक छ ।

त्यसैले अध्यक्ष महोदय, प्रत्येक कानुनका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नुपर्यो । अनि समसामयिक खारेज र सुधार गर्न आवश्यक छ भने त्यसलाई पनि हर्नुपर्यो । न्यायिक व्याख्या र आम बुझाइलाई त्यसलाई सामान्य बनाउने तरिकाले पनि त्यसलाई हेर्नुपर्यो । कतिपय थुप्रै काननुहरू छन् तिनीहरूलाई एकीकृत गर्न पर्ने समय अनुकूल बनाउनुपर्ने, तार तादम्यता मिलाउनुपर्ने अवस्थाहरू छ तिनीहरूलाई पनि हेर्नुपर्यो । र कानुन प्रणालीलाई चुस्त दुरुस्त राख्नको लागि कानुनको नियमति अनुगमन मूल्याङ्कन र परीक्षणको आवश्यकता योकारणले पनि भ'को हो ।

यस सम्माननीय सभाअन्तर्गत विधान व्यवस्थापन समितिले यसको केही सुरुआतहरू गरेको छ । विधायन व्यवस्थापन समितिले आफ्नो एउटा प्रमुख कामको रूपमा यसलाई पनि लिएर अगाडि बढेको स्थिति छ । कानुनको मापन, मूलयाङ्कन र परिक्षण कार्यहरू यसले थालनी पनि गरेको छ । राष्ट्रिय सभामा उत्पति भएका केही विधेकयहरूमा ऐन कार्यान्वयन मापनसम्बन्धी व्यवस्था अलि अलि सुरु गर्न खोज्या छौं । तर यति मात्रले भएन । सबै जहा जहाबाट कानुन बन्छ त्यही त्यहीबाट यसको चैं जिम्मेवारी लिनुपर्ने आवश्यकताहरू छ । कानुन बनाउने ठाउँबाट पनि हामीले बना'को कानुन के भयो? पारित भयो कि भएन भनेर हेर्नुपर्ने स्थिति छ भने कानुन कार्यान्वयन गर्नेले पनि यो कानुनले उद्देश्य हासिल गर्यो, गरेन, नीति कार्यक्रमहरूलाई यसले चैं सम्बोधन गर्यो, गरेन भनेर त्यसरी हेर्नुपर्ने आवश्यकताहरू चैं छ । यो सङ्घमा पनि आवश्यक छ र स्थानीय तहमा पनि आवश्यक छ ।

अन्त्यमा के भन्ने चाहन्छु भने यसरी ऐनहरू चैं, यसरी ऐन, कानुनहरू निर्माणसँगै परिणाम हासिल नहुनुका कारणहरू पहिल्याउँदै व्यवहारिक रूपमा कार्यान्वयन योग्य कानुन निर्माण गर्नका लागि सरकार, संसद, हामी यसमा सबै समन्वयात्मक रूपमै काम गर्न आवश्यक छ । र सम्माननीय अध्यक्ष महोदय, ऐन कार्यान्वयनको सम्बन्धमा चैं अध्ययन अनुसन्धानका लागि छुट्टै कानुनको पनि आवश्यकता छ । यसको महसुस भइसक्या छ । जहाँ कानुन बन्छ त्यहीँबाट र तालुकदार मन्त्रालयले आफू मातहतका कानुनहरूलाई निरीक्षण, परीक्षण गर्न आवश्यक छ । त्यसको लागि म हाम्रो यो कानुन मन्त्रालय छ । कानुन मन्त्रालयले चैं यसको एउटा इनिसिएसन पनि गरोस् र यसको लागि छुट्टै कार्यविधि बनाओस् र छुट्टै ऐन, कानुन मापनसम्बन्धी छुट्टै ऐन पनि ल्याओस् भन्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १० मिनेट । यसपछि माननीय राधेश्याम पासवान ।

**माननीय भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आजको विशेष समयमा मैले १/२ ओटा केही कुराहरू समसामयिक र कतिपय उठेका विषयलाई, बाहिर र यहाँ उठेका विषयलाई अलिकति हामीलाई समेत छोएपछि बोल्न म बाध्य भा'को छु ।

सम्माननीय अध्यक्षज्यू, हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौं । हामी सबैको साझा प्रयासले यो व्यवस्था ल्याउन जसलाई हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र भन्छौं यो व्यवस्था ल्याउन हामी सफल भयौं । अब यो व्यवस्था ल्याएसँगै हामीले के सोचेका थियौं भन्दा राजनीतिक अधिकारका आन्दोलन सकियो । अब देशलाई आर्थिक क्रान्ति गरेर देशभित्र रहेका सबै खालका आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणसँगै सामाजिक न्यायमा आधारित जनतालाई सुखी र समृद्धि दिने उद्देश्यका साथ हामी जानुपर्छ भनेर हामीले भनेकै विषय चैं हो । यहीसँगै हामी संविधान बनिसकेपछि संविधानले व्यवस्था गरेअनुरूप हामी चुनावमा होमियौं । र २०७४ सालको आम निर्वाचनको परिणामले नेकपा एमालेलाई स्पष्ट बहुमत नभए पनि जनमत नेकपा एमालेको पक्षमा थियो भन्ने कुरा जगजारनै छ । त्यति खेर नेकपा एमाले, नेकपा माओवादी बिचको पार्टी एकता गर्ने सम्बन्धमा कुरा समग्र कुराहरू भइसकेपछि २०७४ सालको फागुन ३ गते नेकपा एमालेका श्रदेय अध्यक्ष केपी ओली नेतृत्वको सरकार बनेको थियो । र त्यो सरकारले समृद्ध नेपाल, सुखी नेपालीको एउटा राष्ट्र आकाङ्क्षा पूरा गर्नको निम्ति अनेकन राम्रा कामहरू जो गरेको छ, जो इतिहासमा दर्जा भ'का छन् वास्तवमा यो देशको राष्ट्रवादी नेता जुग जुगसम्म जनताले सम्झिरहने त्यो कामले हो । ठुक्कका साथ उहाँ भन्ने गर्नुहुन्छ मलाई देशबाहेक अरू केही पनि स्वार्थ मेरो जोडिएको छैन । यो देशलाई, यो देशको राष्ट्र स्वाधीनता, यो देशको सार्वभौमिकता, यो देशको जनताको उन्नति र प्रगति मेरो एक मात्र देश हो ।

र त्यसै गरी मैले सुखी नेपाली र समृद्ध नेपालको नारा दिएर त्यसलाई कार्यान्वयन गर्नको निम्ति अनेकन कामहरू जो गरेका छौं, जो अगाडि नै छन् भनेर प्रष्टै भन्नुभ'को छ र त्यसरी अगाडि बढिरहेको सरकारलाई अनेकन बहानामा त्यो सरकार

ढाल्नेसँगै नेपालको कम्युनिष्ट आन्दोलनलाई कसरी धरशायी पार्न सकिन्छ भन्ने कम्युनिष्ट विरोधी शक्ति केन्द्रहरू चाहे देशी हुन् चाहे विदेशी हुन् लागेर हामीलाई यहाँसम्म पुर्यायो । हामीले देखिरहेका छौं भन्ने गरिन्छ केपी ओली नेतृत्वको सरकारले गरेको त्यो मध्यावधि निर्वाचनको घोषणा प्रतिगामी कदम थियो भनेर वास्तवमा त्यो प्रतिगामी कदम थिएन । हामीले बारम्बार भन्ने गरेका छौं जनतामा अनुमोदन हुनका निम्ति त्यति बेलाको मेनडेटकमजोर भइसकेपछि, मेनडेट बद्लिसकेपछि, पार्टी फुटिसकेपछि अब एउटै मात्रै बाटो भनेको मध्यावधि निर्वाचन हो भन्ने कुरो पार्टी नफुट्दै र फुटिकसेपछि पनि त्यो चैं गरिएको थियो । र लोकतन्त्रमा जनतालाई बिचमा जाने कुरो कहिले पनि प्रतिगमन हुँदैन । बरु प्रतिगमन त के भो भन्दाखेरि यो संविधानमा नभएको कुराहरूलाई अदालतको सेटिङद्वारा त्यति बेलाको सरकारलाई अपदस्त गरेर विश्वको संसदीय व्यवस्था भएको मुलुकमा कुनै पनि ठाउँमा परमादेशबाट सरकार बनेको छैन जो नेपालमा चैं भयो । कसरी भो' हामी सबै अलिकति राजनीतिकशास्त्रक विद्यार्थी राजनीतिक बुझ्नेहरू हामी सबै यसको बारेमा चैं सोचेका छौं, बुझेका छौं र जानेका पनि छौं । कसरी यो सेटिङ गरियो भन्ने विषयमा त्यो सेटिङलाई मुर्तरूप दिनका निम्ति यो संसदले आफ्नो सरकारलाई चिन्नुपर्थ्यो । प्रतिनिधि सभाले प्रधानमन्त्री चुन्ने अधिकार प्रतिनिधि सभालाई छ । यो व्यवस्थापिकालाई आफ्नो सरकार को भन्ने कुरो उसले चिन्न सकेन । यसले गर्दाखेरि त्यो परमादेशको आदेश जारी गर्दाखेरि त्यही नै प्रतिगमन थियो । त्यसपछि संविधानको धारा ७६ को (५) लाई जो व्यवस्थै गरिएको छैन सर्वोच्च अदालतले व्याख्या गर्ने नाममा एउटा दलबाट निर्वाचित भएको सांसद उसलाई ह्विप लाग्दैन भन्ने कुरा संसदीय मर्यादाविपरीत फैसला आयो/त्यो प्रतिगमन थियो ।

आज यो सरकार दिनदिनै, दिनदिनै ऊ चैं कसरी हुन्छ यो संविधानलाई प्रत्येक संविधानका प्रत्येक उसलाई आवश्यक पर्ने दफाहरूलाई उसले चेन्ज गर्दै अगाडि बढेको तपाईं हामीलाई सबै म अध्यक्षज्यूमार्फत भन्न चाहन्छु हामी सबैले बुझेका छौं । र कतिसम्म गरियो भन्दाखेरि त्यो सेटिङद्वारा परमादेश सरकार बनिसकेपछि अब नेकपा एमालेलाई टुक्राउनका निम्ति दलसम्बन्धी ऐनमा व्यवस्था गरिएको ४० पर्सेन्ट माननीय र ४० पर्सेन्ट केन्द्रीय कमिटीको सङ्ख्या दुवै ४० पर्सेन्ट पुगिसकेपछि अर्को दल खोल्न पाउने दलसम्बन्धी ऐनले व्यवस्था गरेको छ । त्यो कुरालाई फेरि केमा झारियो भन्दाखेरि २० पर्सेन्टमा झारियो । केपी ओली नेतृत्वको पालमा पनि त्यो कुरा आ'को चैं थियो रलाई वामात्रै थपेर अध्यादेशमार्फत पनि ती कुराहरू आ'का चैं थिए । तर धेरै

विरोध भइसकेपछि, पार्टीभित्रै पनि विरोध भइसकेपछि त्यसलाई केपी ओली नेतृत्वको सरकारले ब्याक गरेको थियो । पछि यो सेटिङद्वारा बनेको परमादेशी सरकाले त्यो ४० पर्सेन्टलाई २० पर्सेन्टमा झार्यो । त्यो अधिकार अहिलेको परमादेशी सरकालाई छ वा छैन? यो हामी सबैले, आम नेपाली दाजु भाइ सबैले बुझ्ने कुरा हो ।

त्यो २० पर्सेन्ट मात्रै थिएन । २० पर्सेन्टको र भन्ने शब्दलाई पनि हटाएर २० पर्सेन्ट वा भन्ने शब्द वा चैं राखेर २० पर्सेन्ट सांसद अथवा २० पर्सेन्ट केन्द्रीय कमिटी राखेर पार्टी फुटाउन पाइन्छ भन्ने कुरा यो पर्मादेशी सरकारले यस खालको प्रावधान राखेर अध्यादेश ल्यायो । यो प्रतिगमन हो कि के हो? अब त्यो अध्यादेश ल्याइसकेपछि नेकपा एमाले फुट्यो । त्यसमा हामी सहमत छौं । पक्ष, विपक्षमा आफ्नो ठाउँमा कुरा गरौंला । तर त्यो २० पर्सेन्टको ल्याएको त्यो अध्यादेशलाई कानुन बनाउनुपर्ने कहाँको कहाँ एमाले फुटाइसकेपछि फेरि ब्याक हुने कुराहरू अनि त्यो प्रतिगमन हो कि त्यो अग्रगमन चैं हो? यसरी अहिलेको यो परमादेशी सरकालाई यो लोकतन्त्रलाई, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई हुर्मत लिने दिने काम अहिलेको सरकारले गरिरहेको छ । र यसले गरेका हरेक कामहरू एउटा त्यस्तो कुनै काम देखाइदिनुस् म त के, म त सांसद त के हाम्रो पार्टीको सदस्य, अध्यक्षले विभिन्न कार्यक्रममार्फत भन्नुभ'को छ कि अहिलेको सरकाले एउटा मात्रै राम्रो गरेको देखाइदिनुस् त्यसपछि मैले के सहनुपर्छ म सहन तयार छु भनेर भन्नुभ'को छ । हामीलाई त्यस्तो लाग्दैछ । वास्तवमा यो सरकार केको लागि बनेको थियो भन्दाखेरि एमसीसी लाई पास गर्नका निम्ति यो सरकार बनाइएको थियो र बनेको छ ।

एमसीसी को बारेमा म धेरै विषय बोल्न चाहन्न । १० मिनेट मलाई समय छैन । एमसीसी आईपीएस को अङ्ग हो भन्ने कुरो एमसीसीको त्यो निकायले बोलिरहेको छ । तर हामी एमसीसी लाई व्याख्यात्मक आदेश गरेर हामीले एमसीसीको केन्द्रीय सेन्ट्रल अफिस अमेरिकामा पठाउने भन्ने कुरा गर्यौं । यदि एमसीसीमा यो हामीले व्याख्यात्मक टिप्पणी जो गरेका छौं त्यसमा एमसीसीको केन्द्रीय सेन्ट्रल कमिटिले अथवा सेन्ट्रल अफिसले एसेप्ट गर्दैन भनेपछि यो एमसीसी हाम्रो देशबाट हामी खारेज गर्छौं भन्ने कुरो प्रदेश सभाका माननीयज्यूले सदनमा बोलेको कुराहरू भो' र सरकाले पनि त्यही कुरा चैं देखा'को थियो । आज एमसीसीको त्यो व्याख्यात्मक टिप्पणी कहाँ पुग्यो? हामी कोहसन एन्सर सोध्न चैं चाहन्छौं ।

अब यो एमसीसीसँग जोडिएको अर्को विषय एसपीपी (स्टेट पार्टनर सीप प्रोग्राम)मार्फत नेपाललाई कहाँ लान खोजिएको छ, के गर्न खोजिएको छ भन्ने कुरा प्रष्टनै छ । आज त्यो एसपीपीको बारेमा हामीले धेरै विरोध गरिसकेपछि चाहे त्यो प्रतिनिधि सभामा होस्, चाहे त्यो राष्ट्रिय सभामा होस् सबै ठाउँमा विरोध भइसकेपछि त्यसलाई फिर्ता लिने कुरा सरकाले गर्यो । तर अहिले फिर्ता लिएको कुराहरूको विषयमा एसपीपीको बारेमा अहिलेको परराष्ट्र मन्त्रालयमार्फत अहिलेसम्म चिठ्ठी लेख्न सकिएको छैन । अनि यसलाई के भन्ने? यसैले शेरबहादुरजी प्रधानमन्त्री हुनुहुन्छ । उहाँको विगत राम्रो छैन । सत्ताको निम्ति शक्ति राष्ट्रसँग मिल्ने । देशलाई जोसुकै होस् जुनैसुकै बर्खालोमा जाओस् चाहे एमसीसी होस्, चाहे एसपीपी होस् अरू कुनै त्यस्ता खालका कुराहरू गरेर भए पनि आफ्नो सत्तालाई निरन्तर चलाउनको निम्ति वा उदत्त राख्ने एउटा राजनीतिक पात्र चैं हो । यो कुरा त इतिहासले पुष्टि गरेको छ, पुष्टि गर्दै पनि जाला । र आज नेपाललाई सैनिक गठबन्धन बनाएर यो चीनसँग जोडिएको हाम्रो देश चैं छ आज त्यो सैनिक गठबन्धनबाट नेपाल साँच्चै त्यो एसपीपी भन्ने प्रोग्राममा सहमत भइदिएको भए आज देश के हुन्थ्यो होला हामी सबैले बुझेको कुराहरू छन् । यसले गर्दाखेरि मैले यी कुराहरूलाई समय छोटो छ म धेरै राख्न चाहन्नँ ।

अस्ति एक जना माननीयज्यूले धेरै कुरा यहाँ उठ्ने गर्छ अहिले पनि भरखरै कुरा उठेको छ । एम महाप्रसाद अधिकार र एम अधिकारीको विषयमा कुरा उठ्ने गरेको छ । वास्तवमा यो (सम्माननीय अध्यक्षज्यू १ मिनेट मलाई चैं थप्दिनुपर्ला) यसको विषयमा हाम्रो पार्टीले प्रष्टसँग बोलेको छ । हाम्रो विभागले बोलेको छ । हाम्रो केन्द्रीय कार्यालयले बोलिसकेको अवस्थामा यसैको बारेमा बारम्बार कुरा उठाइराख्ने कुरा चैं यो कति ठिक कति बेठिक हो यो हामी आफै बुझौं । र नेकपा एमालेको सुशासनको पक्षमा प्रतिबद्धता छ । यहीँ बोल्ने क्रममा १ जना माननीयज्यू अस्ति २ गते बैठकमा भन्नुभो' पर्मादिशी सरकार तपाईंहरू भन्नुहुन्छ प्रतिपक्ष माननीयज्यूहरू तेही पर्मादिशी सरकारले ल्याएको पारिश्रमिक तपाईंहरू खानुहुन्छ । तपाईंहरूलाई पारिश्रामिक मा खान लाज छैन? उच्च नैतिकता छ भने तपाईंले राजीनामा दिनुपर्छ भनेर यसरी बोलिरहँदा एउटा संसदको गरिमालाई, एउटा सांसदको गरिमालाई, यो पार्लियामेन्ट्री सिस्टमलाई १ जना माननीयले सदनमा उभिएर ती कुरा राखिरहँदा यो नियमावलीमा के व्यवस्था भ'को छ एकचोटि माननीज्यूले म त्यो माननीयज्यूले राखेको कुरा पनि म दुःख व्यक्त गर्न चाहन्छु । त्यसको जवाफ मसँग छैन । तर मैले बोल्ने कुरा पनि यो संसदले जारी

गरेको नियमावलीमा संसदले के बोल्नुहुन्छ के बोल्नुहुँदैन, आफ्नो मर्यादा कसरी बच्छ या बच्दैन भन्ने कुरातर्फ ध्यान दिनका निम्ति म कुरा राख्न चाहन्छु र त्यो भनाइप्रति म अत्यन्तै दुःख व्यक्त गर्न चाहन्छु । (**<u>सम्माननीय अध्यक्षः</u>** समय सकिएको छ माननीयज्यू) यिनै कुराहरू राख्दै मैले आफनो भनाइ टुङ्ग्याएँ । धन्यवाद ।

**<u>पीठासीनः-</u>** माननीय श्री अनिता देवकोटा ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय राधेश्याम पासवान । समय ७ मिनेट । यसपछि माननीय उदय बहादुर बोहरा ।

**<u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशमा संविधान बन्यो र यो संविधान म आज देखाउन गइराख्या छु तपाईंहरूलाई । यो संविधान हाम्रो २०७२ मा जारी भयो असोज ३ गते । र यो संविधान जारी भएपश्चात् योभन्दा पहिला पनि हाम्रो देशमा संविधान बनेको थियो । ६ पटक संविधान हाम्रो देशमा बनिसक्या छ । र ६ पटक बन्दा पनि हामीलाई याद छ कि २०६२/६३ को आन्दोलन भएपश्चात् अन्तरिम संविधान जारी भयो । र अन्तरिम संविधानमा पनि धेरै कुराहरू, अधिकारहरू लेखिएका थिए । अधिकारहरू लेख्दा पनि त्यसपछि संविधानमा अधिकारहरू लेखियो । र खास गरेर ३ तहका सरकारका व्यवस्था गरियो । केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार । आज विभिन्न कोणहरूबाट दृष्टिकोणहरू मिडियाहरूको मार्फत, केही व्यक्तिहरूको मार्फत, केही राजनीतिक दलहरूको मार्फत र यतिसम्म कि हाम्रै संसदका माननीयज्यूहरू रोस्ट्रममा उभिएर प्रदेशका खुलेआम विरोध गरिरहेको पाइएको छ । यतिसम्म कि प्रदेश सरकार चाहिँदैन भनेर भनिरहेका छन् । के हो त यो? यो किन यसरी आइरहेको छ?

मानिलिऊँ केही माननीयज्यूहरूले सङ्घीयता भनेकै बाँडेर खाने हो भन्ने अभिव्यक्तिहरू आइरहेको छ । सङ्घीयताको नाउँमा केही मुख्य मन्त्रीज्यूहरू, केही सांसदज्यूहरू उहाँहरूले आफ्नो आमा बुवाको नाउँमा ट्रस खोलेर, संस्था खोलेर रकमको हिनामिनाहरू गरेको छन् भन्ने कुराहरू आएको थियो । म एउटा कुरा के भन्न चाहन्छु भने कुनै पनि मुख्यमन्त्री, कुनै पनि मन्त्री या कुनै पनि सांसद कुनै संस्थाको नाउँमा, कुनै ट्रसको नाउँमा यदि रकम हिनामिना गरेको छ भने त्यसको लागि पनि व्यवस्था गरेको छ नि । हाम्रो कानुनमा व्यवस्था गरिएको छ । हामीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग बना'को छौं । हामीले उजुरी गरेर छानबिन गर्न सक्छौं । हामीले

कारबाही गराउन सक्छौं । कि हाम्रो व्यवस्थानै खतम हो भन्ने अभिव्यक्ति दिनु । कतिको जाहेज हो त? यो कतिको राम्रो कुरा हो त? यस्ता अभिव्यक्तिले हामीले कहीं यो संविधानमाथि नै त प्रहार गरेका छैनौं? हाम्रो संविधानमाथि नै हमला हामी बोलिरहेका छैनौं? यसकारण हाम्रा जुन संविधान बन्नमा धेरै मेहेनत लागेका छन् । यो जुनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, थारु आन्दोलन, दलित आन्दोलन यी आन्दोलनहरूबाट यो संविधान आएको हो र यो संविधान सङ्घीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशिता जस्ता व्यवस्था भएका छन् । यो एउटा आफैमा एउटा यो संविधानको भावना सम्झिएको छ । यसकारणले हामीले संविधानमा भएका व्यवस्थाहरूलाई हामीले कसरी कार्यान्वयन गर्ने योतर्फ हामीले जान खोजेका छौं र अहिलेका संविधानले जान्न खोजेका छन् । होइन कि हामीले यसलाई, यो व्यवस्थालाई हामीले अपमान र हामीले अभिव्यक्तिहरू अपवित्र जस्तो व्यक्त गर्ने भन्ने कुराहरू आइरहेको छन् यो कतिको राम्रो, कतिको नराम्रो हामीले विश्लेषण गर्न जरुरी छ ।

सम्माननीय अध्यक्ष महोदय, अर्को धर्म निरपेक्षताका विषयमा यो विषयमा पनि धेरै चर्चाहरू आइरहेको छन् । धेरै मिडियाहरूबाट चर्चाहरू आइरहेको छन् । केही हुनत पहिला धर्म निरपेक्षता नचाहिने व्यक्तिहरू, जुन विदेशी शक्तिहरू यो देशमा चलखेल गरिरहेका छन्, केही हाम्रा देशका पनि राजनीतिक दलहरू चलखेल गरिरहेका छन् । अहिले पनि यसलाई यो धर्म निरपेक्षता पच भइरहेको छैन । किनकि संविधानमा सबै धर्मलाई सम्मान गरिएको छ । सबै धर्मलाई सम्मान गरेर अगाडि बढ्ने अधिकार दिएको छ । र हाम्रो देशमा केही यस्ता व्यक्तिहरू छन् कि फेरि द्वन्द्व निमत्याउन खोजिरहेका छन् । यसकारण हामी नेपाली जनता सचेत हुनुपर्छ, गम्भीर हुनुपर्छ कि यो हामीले धर्मको नाउँमा हामीले फेरि द्वन्द्वत निमत्याउन होइन? विदेशी मुलुकले हाम्रो देशमा प्रयोगशालाजस्तै बनाउन खोजेको हो । कुनै आफ्ना देशमा त उहाँहरूले, धर्म निरपेक्षता उहाँहरूको देशमा पनि छन् । तर आफ्नो देशमा उहाँहरूले यो धर्म निरपेक्षता खारेज गर्न खोजेको छैन, खोजेको पनि होइन । मात्रै उहाँहरूले आवाज निकाल्छन् । तर हाम्रो देशमा उहाँहरूले यो धर्मको नाउँमा द्वन्द्व गराउन खोजेको छन् । यसकारण हामीले यो बुझ्नुपर्छ कि वास्तवमा हाम्रो धर्म निरपेक्ष जुन देश हो यो सबै धर्मलाई सम्मान गरेको छ र हामीले बोल्दाखेरि, होमीले भन्दाखेरि र मिडियाहरूमा पनि हामीले बोल्दाखेरि कसरी बोल्ने हो त्यो हामीले बिचार गर्नुपर्छ । यसले कसैलाई, हामीलाई ठेस त पुर्याएको

छैन । यदि यो ठेस पुग्यो भने कतिसम्मको हाम्रो यो द्वन्द्व हुन्छन् भनेर हामीले बुझ्नुपर्ने हो ।

अर्को हामी समानुपातिक समावेशीको सिद्धान्त हाम्रो संविधानले अपनाएको छ । हाम्रो संविधानले समानुपातिक समावेशीको सिद्धान्तमा ४५ लाई १०० मानेर हामीले समानुपातिक समावेशी सिद्धान्त अपनाएका छौं । जसमा महिलालाई हामी ३३ प्रतिशत, जनजातिलाई हामी २७ प्रतिशत, मधेसीलाई हामी २२ प्रतिशत, दलितलाई हामी ९ प्रतिशत, अपाङ्गलाई हामी ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई हामीले ४ प्रतिशत व्यवस्था गरिएको छ । यी व्यवस्था आफैमा संविधानमा एउटा व्यवस्था गरिएको छ तर कतिपय कुराहरूमा मलाई कस्तो लाग्छ भने यो समानुपातिक समावेशी पनि खास गरेर यो नबुझेर बोल्छन् मान्छेहरू, कि बुझेर बोल्छन् यो दलितलाई मात्रै व्यवस्था पाएको हो कि जस्तो बोल्छन् मान्छेहरूले । मिडियाहरूले पनि त्यस्तै बोल्छन्, पत्रकारहरूले पनि ।

मैले जुन अहिले भने महिला ३३ प्रतिशत, २७ प्रतिशत जनजाति, मधेसी २२ प्रतिशत, ९ प्रतिशत दलित, ५ प्रतिशत अपाङ्ग, पिछडिएको क्षेत्र ४ प्रतिशत संविधानमा त सबैलाई व्यवस्था गरिएको छ तर कहिले हीँ सुन्दा सुन्दा केही वर्ष पहिला यहाँ काठमाडौंमा चर्चा चल्यो (१ मिनेट समय है अध्यक्षज्यू) काठमाडौंमा कुरा चल्यो पहिला कोठा र कोटाको कुराहरूको चर्चा चला'को थियो । र त्यो चर्चा चल्दाखेरि म आफै यही संसदमा, गरिमामय संसदमा भनेका थिए हाम्रो जिम्मेवार मन्त्रीजी त्यही कोटा र कोठाको विषयमा जुन संविधानमा व्यावस्था कानुनमा भ'को थियो कि यदि अशब्दहरू दलितमाथि प्रयोग गर्छन्, बोल्छन् भने कानुनबमोजिम कारबाही हुन्छ । तर हाम्रा विपक्षका सत्ताका मन्त्रीज्यू आफ्नै गाडीमा गएर त्यो अपराध गर्ने व्यक्तिलाई छुट्याएर ल्याएको थियो । त्यति बेला म संसदमा नै बोलेको थिएँ कि म अनशन गर्छु तर केही दिनमानै सरकार ढले ।

यो व्यवस्था कानुनमा हुँदा पनि हामीले कानुन नमान्ने, हामी आफ्नो सरकार दुई तिहाइको चलाउन नसक्ने र तपाईंहरूको गठबन्धनहरूको सरकार भो' भने गठबन्धनलाई जतिखेर पनि गाली गर्ने यो गठबन्धन सरकार भनेको सत्ताको लागि मात्रै हो । यो शेरबहादुर देउवा प्रधानमन्त्री विगतमा के गर्यो, गरेन तर यो शेरबहादुर देउवाजीले कम्तीमा संविधान बचायो । यो देश बचायो । यसमा हामी गौरव गर्नुपर्छ । र यसलाई सबैले आत्मसाथ गर्नुपर्छ । हामी विपक्षी पनि साथीहरू देश बनाउन मिलेर जानुपर्छ ।

पटक पटक हाम्रा जिम्मेवार माननीयज्यूहरू, नेताहरूले यही रोस्ट्रममा बोलिराख्या छन् कि हामीले गम्भीर भएर देशलाई बनाउन जान्छौं । तर पटक पटक उहाँहरूले आलोचना गरेको गरै, गरेको गरै कहिले कुन मिडियामा गएर (**<u>सम्माननीय अध्यक्षः</u>** माननीज्यू समय सकिएको छ) के जवाफ दिने, कति खेर कहाँ के जवाफ दिने के पहल गरिरा' छ भनेर बाम गठबन्धान गर्छन् भनेर के गर्छ यस्ता अभिव्यक्तिहरूले हामीले अगाडि बढाउन सक्दैनौं । त्यसकारण हामीले मिलेर हामीले देशलाई बनाउनु छ भने सबैजना मिलेर हामी अगाडि बढाउँदा राम्रो हुन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय उदय बहादुर बोहरा । समय १२ मिनेट । त्यसपछि माननीय मोहमम्द खालिद ।

**<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म विशेष समय आफ्ना केही धारणाहरू राख्न गइरहेको छु । सम्माननीय अध्यक्ष महोदय, कृषि पर्यटन जलस्रोतको विकास नै समग्रमा हाम्रो समाजवादी अर्थतन्त्रको सुदृढ गर्नको लागि यो पहिलो अपरिहार्य सर्त हो भन्ने मलाई लाग्छ । र आज दुःखका साथ म के भन्न गइरहेको छु भने कृषि प्रधान देश, यो कृषि प्रधान देशमा हामीले २०३५/३६ सालतिर यो मुलुकबाट २४ करोड ३८ लाख ६३ हजार बराबरको धान निर्यात गर्थ्यौं त्यो तथ्याङ्कले बोल्छ । त्यतिखेरको कृषिको आँकडाले बोल्छ । अब आज हामी दैनिक १३ करोड बराबरको धान चामल आयात गर्दै छौं । र म के भन्न चाहन्छु भने यहाँ यो पर्मादिशी, घर्मादिशी आदि इत्यादि यिनी लालछना अरू कसैले दोषारोपण प्रतिपक्ष वा सत्तापक्षले भन्दा सम्माननीय अध्यक्ष महोदय, यसको जिम्मेवार को हो? २०३६ सालदेखि अहिलेसम्म पटक पटक कुन कुन पार्टीका सरकारहरू बने? त्यसको जिम्मा हामी सबैले लिनुपर्दैन? २०३५/३६ सालतिर हामी धान, चामल निर्यात गर्ने मुलुक आज हामी यो हविगतमा किन पुगिरहेका छौं? यसलाई सोच्न हामीले पर्दैन? र अर्को कुरा के हो भनेदेखिलाई अहिले यो गत आर्थिक वर्षको ११ महिनामा ४५ अरब २९ करोडको धान, चामल र बिउ बिजन हामीकहाँ आयात भएको छ । त्यसो भएको हुनाले कृषि प्रधान देशमा यो कृषि प्रधान देश भन्न पनि असध्यै तपाईंको लाज मर्दोको अवस्था चैं भइरहेको छ ।

र अर्को जलस्रोतको भण्डार ब्राजिलपछि दोस्रो धनी देश नेपाल भन्छौं हामी तर दु:खका साथ त्यहाँ भन्नुपर्छ कि हामी लोडसेडिङ भोगिरहेका छन् । नीतिमा आ'को, कार्यक्रममा आ'को छ इन्डेक्स चुलोहरू बाल्ने, ग्याँस विस्थापित गर्ने, इलेक्ट्रिक यातायातहरू चलाउने र पेट्रोलियम पर्दाथको आयातलाई त्यसलाई निरुत्साहित गर्ने र यो के छ भन्नुहुन्छ भनेदेखिलाई यो साँच्चिकै भन्नुहुन्छ भनेदेखिलाई सबै चिजहरू मलाई के भन्न मन लाग्या छ भने म सत्तापक्ष सांसद भएको हैसियतले पनि साँचो कुरा, यथार्थ कुरा राख्ने हिम्मत गर्नुपर्छ भन्ने त्यो मूल्य र मान्यता बोक्ने मेरो बानी, मेरो एउटा सोच त्यो छ । त्यसो भ'को हुनाले म यो जलस्रोतको बारेमा म सम्माननीय अध्यक्ष महोदय, २ दिनअगाडि सरकारले एउटा निर्णय गरेको छ । जीएमआर अपर कर्णाली जो १ सय १६ बिलियन डलरमा निर्माण हुने कम्पनी हो मतलब परियोजना हो । २०१४ सेप्टेम्बर १९ मा उसले सम्झौता गरेको छ भारतीय जीएमआर कम्पनीले अपर कर्णालीको । उसले अहिलेसम्म आयोजना सम्पन्न गरिसक्नुपर्ने, सम्पन्न नगरेर होल्ड गरेर बसिरहेको छ । त्यहीं कम्पनीलाई फेरि २/२ वर्ष यो सरकारले निर्णय गरेर थप्छ । पुरस्कृत गर्छ । अब यस्ता राष्ट्रिय गौरवका आयोजनाहरूलाई हामीले यो तरिकाले अगाडि बढायौं भने मुलुक कहाँ जाने हो? त्यस्तै यो अपर कर्णालीको कुरा भयो ।

र अर्को यो पश्चिम सेती, यो त २८ वर्ष भएछ । १ खर्ब ६० अर्ब लगानीमा तयार हुने पश्चिम सेती योभन्दा केही महिनाअगाडी हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू भारत गएको बेलामा एउटा सम्झौता भयो त्यहाँको कम्पनीसँग । त्यहाँको कम्पनीलाई उहाँ सम्झौता गरेर आउनुभा' छ भन्ने चिजहरू आ' थियो र यहाँ कसैलाई जानकारी छैन । दलहरूमा व्यापक भयो कि भएन? सदनलाई जानकारी भयो कि भएन? र यसमा कुनै संविधानको धारा आकर्षित हुन्छ कि हुँदैन? त्यसो भ'को हुनाले अब जति पनि हाम्रा राष्ट्रिय गौरवका आयोजना छन् ती आयोजनाहरूलाई हल्टेज गरेर राख्ने इन्डियन कम्पनीहरू जो पश्चिम सेती जुन ७ सय मेगावाट र त्योसँग जोडिएको एउटा ३ सय ८ मेगावाटको प्रोजेक्ट, चाइनाको थ्री गर्जेज एउटा ठुलो जल विद्युत् निर्माण कम्पनी पनि त्यहाँ आयो । र कसको के तपाईंको इन्ट्रेस्ट त्यहाँ मिलेन । उसले उत्पादन गरेको विद्युत् उसले चाइना लाग्न नसक्ने र त्यो बिक्री गर्ने ठाउँ कहाँ र के गर्ने? यस्ता चिजहरू ऊ एउटा ठुलै ट्र्यापमा परेर त्यो थ्री गर्जेज कम्पनी त्यहाँबाट ग'को छ । आज कसैको इन्ट्रेस्टमा ठुलो इन्ट्रेस्ट हामी सबै तपाई हामीलाई थाहा छ यो सम्मानित

सदन सबैलाई थाहा छ त्यो किन यस्तो भइरहेको छ । र आज त्यो अर्को ठुलो राष्ट्रिय गौरवको आयोजना अलपत्र पर्न गइरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, अझ त्योभन्दा ठुलो एउटा ठुलो चलखेल भइराख्या छ यहाँ भूमाफियाहरू । १ हजार ८ सय मेगावाट क्षमताको बहुउदेशीय कर्णाली चिसा पानीको आयोजनाहरू जसले २ लाख नेपालीहरू त्यहाँबाट विस्थापित हुन्छन् । र अहिले त्यो इन्डियाको गुजरातको अडवानी भन्ने ग्रुपसँग सरकारले जल माफियाहरूले त्यो आयोजना हात पार्नको लागि ठुलो चलखेले भइराख्या छ भ्रष्ट चलखेलहरू । र जुन आयोजनाबाट २ लाख हेक्टर मात्रै नेपालको सिँचाइ हुन्छ, ३८ लाख हेक्टर इन्डियाको सिँचाइ हुन्छ त्यो सम्पन्न भयो भने । अब यी सबै राष्ट्रिय महत्त्व बोक्ने ठुला ठुला आयोजनाहरू हामीले केही छिमेकी कम्पनीहरूलाई दिने, मित्र राष्ट्रका कम्पनीहरूलाई दिने उहाँहरूले काम नगरेर हल्टेज बनाएर राख्ने र हामीले जल विद्युत् कहिले उत्पादन गर्ने र कहिले बिक्री गर्ने र हाम्रो देशलाई चैं सम्पन्न बनाउने? अब त यसका वैकल्पिक उर्जाहरूका सुरु पनि भइसक्या छ । चाइना, कोरियाहरूले अब वैकल्पिक उर्जा यति ठुलो मात्रामा उनीहरूले ल्याउँदै छन् कि जसको चैं जलस्रोतको पनि आवश्यकता नपर्ने अवस्था आइसक्या छ । त्यसो भ'को हुनाले हामीले यस्ता राष्ट्रिय गौरवका आयोजनाहरू अरूलाई दिने, जलस्रोतहरू अरूको जिम्मा लगाउने अनि हाम्रा सन्तति, हाम्रा पुर्खाहरूले के गरेर खाने? त्यसो भ'को हुनाले म सरकारको ध्यान सम्माननीय अध्यक्ष महोदय, म आर्कषण गर्न चाहन्छु । यस्ता खालका राष्ट्रिय गौरवका राष्ट्रिय महत्त्व राख्ने आयोजनाहरू सरकारले सम्मानित सदनलाई बाइपास गरेर नजाओस् । सदनलाई जानकारी हुनुपर्छ । सदनमा व्यापक छलफल हुनुपर्छ । यिनै कुनै लुकीछिपी यस्ता खालका गोप्य सन्धि सम्झौताहरू गर्नुहुँदैन भन्ने मेरो मान्यता हो र म फेरि पनि जोडदारसाथ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । अध्यक्ष महोदय, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मोहमम्द खालिद । समय ५ मिनेट । त्यसपछि माननीय डा. विमला राई पौड्याल ।

**<u>माननीय श्री मोहमम्द खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, इस्वी संवत् १९९५ मा मैले आफ्नै गृह जिल्लामा एउटा कार्यक्रमको

आयोजना गर्या थिएँ । त्यस कार्यक्रमका प्रमुख अतिथि नेपाली राजनीतिका आइरन म्यान ऐतिहासिक व्यक्तित्व गिरिजाप्रसाद कोइरालाजी हुनुन्थ्यो । स्वागत भाषणमा मेरो एक जान साथीले नेपालको विशेषतासम्बन्धी केही कुरा राखु भो' । उहाँले भन्नुभो' यहाँका हिमाल, पहाड, जङ्गल, हराभरा जङ्गल, नदी, नाला, उर्वरक भूमि आदि हाम्रा गौरवका सामग्री हुन् । र योबाट कसैले इन्कार पनि गर्न सक्दैन । मान्नु पनि पर्छ । गिरिजा बाबुले आफ्नो भाषणमा के भन्नुभो' भने मलाई आज पनि त्यो कुरा याद छ र यो सदनसम्म म त्यो कुरा पुर्याउन चाहन्छु । उहाँले के भन्नुभो' भने निश्चित रूपमा हिमाल, पहाड, तराई, यहाँका जङ्गल, यहाँका हरियाली, उर्वरक भूमि हाम्रो लागि गौरवका सामग्री हुन् । तर योभन्दा बढी, योभन्दा मननयोग्य यस देशमा रहेका धार्मिक, सामाजिक, भाषिक क्षेत्रीय जुन सौहार्य मैत्रीपूर्ण वातावरण एकआपासका बिचमा माया स्नेहको जुन सम्बन्ध, अटुट सम्बन्ध छ त्यो नेपालको विशेषता हो, यो नेपालको धरोहर हो । र म विदेशमा जाँदा व्यक्तिगत रूपमा म भन्ने गर्छु कि नेपाल जस्ता ..... र शान्ति र यहाँ जस्ता सौहार्द आपसी प्रेम र माया स्नेह भएका देश सायद यो धर्तीमा कहीँ पनि छैन ।

म समुदाय विशेषसँग सम्बन्ध राख्छु । ५ प्रतिशत मात्र हाम्रो जनसङ्ख्या छ । विदेशमा विशेष गरी मुस्लिम देशहरूमा जाँदा साथीहरूले सोध्ने गर्छन् तिमी कसरी बस्छौँ? म भन्छु कि म एकदम आनन्दको साथमा बस्छु । मेरो घर सिराहा जिल्ला हो । म बसमा बस्छु अनि काठमाडौं आएर मात्र मेरो आँखा खुल्छ । म बाटोमा सुतिरहन्छु । तिमीहरू डराउँदैनौं? मेरो जवाफ हुन्छ- नेपालका अढाइ करोड हाम्रा हिन्दु दाजु, भाइ, दिदी, बहिनीका हात मेरो सुरक्षामा चौबिसै घण्टा तयार रहन्छ । त्यसले गर्दा म कुनै पनि हालतमा डराउँदिन । मलाई भय हुँदैन । म भय मुक्त जीवन बिताउँछु । यो नेपालको विशेषता हो । तर यो विशेषतालाई खतम पार्ने, यो सत्भावलाई समाप्त पार्ने अनेकौं सडयन्त्र भइरहेको छ । र दुःखद् कुरा के छ भने बारम्बार राज्यको ध्यान आकर्षण गराउँदा पनि यस्ता वाञ्छित व्यक्ति वा समुदाय वा तत्त्वहरूमाथि राज्यले कार्यबाही गर्न उदासीनता देखाइरहेको छ । यो सदनलाई म जानकारी गराउन चाहन्छु । म समयमै सचेत हुन सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको विशेष गरी ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल । समय ५ मिनेट । यसपछि माननीय महेश कुमार महरा ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, संसदमा मेरो धेरै लामो अनुभव छैन तर मैले यहाँ आएर सिकेको कुरा के हो भने जनताले प्रश्न गर्ने संसदलाई, संसदले प्रश्न गर्ने सरकारलाई; सरकारको काम चैं जवाफ दिने हो । मैले बुझेको त्यो हो । त्यही भएर मैले यहाँ केही प्रश्नहरू राख्न चाहन्छु; त्यसको एन्सर मैले यहाँ रहनुभएका सम्माननीयज्यू अथवा माननीय सांसदज्यूहरूबाट होइन सरकारबाट । विशेष गरी प्रधानमन्त्रीबाट चाहन्छु । त्यही भएर अहिलेनै म क्लियर पार्न चाहन्छु । प्रधानमन्त्रीज्यू अहिले प्रधानमन्त्री मात्रै होइन रक्षा मन्त्री पनि हो अनि उहाँ अर्थ मन्त्री पनि हो अहिलेको अवस्थामा । मेरो प्रश्न यिनै २ मन्त्रालय र प्रधानमन्त्रीज्यूलाई लक्षित छ ।

पहिलो प्रश्नभन्दा पनि अपडेट चाहियो भन्ने हो । स्टेट पार्टनरसिप प्रोग्रामको कुरा आयो । जसरी आयो त्यसै गरी अहिले सेलायो पनि । सरकारले हामी स्टेट पार्टनरसिपमा जाँदैनौं भनेर मन्त्रिपरिषद्ले निर्णय गरेको छ जुन स्वागतयोग्य छ । तर स्टेट पार्टनरसिपमा जाँदैनौं भनेर पत्र लेख् पनि भनेको हो मन्त्रिपरिषद्ले । जवाफ दे'को छैन, अहिलेसम्म पत्र लेखिएको छैन । पत्र कहिले लेखिन्छ? पत्र किन ढिला भा'को हो? त्यो कुरा मैले प्रश्न सोधें । तर योभन्दा पनि महत्त्वपूर्ण चैं यसले २/४ ओटा लर्निङहरू, सिकाइहरू गरेको छ, देखा'को छ हामीलाई । त्यसमा पहिलो सिकाइ के छ भनेदेखि यो स्टेट पार्टनरसिप प्रोग्राममा भएको सैद्धान्तिक सहमति, आउटगोइङ सरकारसँग सैद्धान्तिक सहमति लिइएको र त्यसपछि आउटगोइङ सरकार त १५ दिनमा गइहाल्यो ।

भूकम्पले आक्रन्त देश थियो । त्यस्तो अवस्थामा भूकम्पमा सहयोग हुन्छ भनेर सैद्धान्तिक सहमति दिइएको कुरा आ'को छ र सैद्धान्तिक सहमति दिइसकेपछि इन्कमिङ सरकार त्यसपछि बनेको इन्कमिङ सरकारसँग छलफल नगरीकन पहिलाकै सहमतिको डेट राखेर, पहिलाकै सहमतिको डेट राखेर नेपाली सेनाले एन्सर गरेको कुरा देखिन्छ, कम्युनिकेट भएको कुरा देखिन्छ । यसमा राजनीतिक नेतृत्व बेखबर भएको देखिन्छ जुन डर लाग्दो कुरा हो । यति महत्त्वपूर्ण कुरामा राजनीतिक नेतृत्व बेखबर हुनु डर लाग्दो कुरा हो । त्यसलाई कसरी हामी सुधार गर्दै छौं? दोस्रो यति धेरै कम्युनिकेसन हुँदा पनि परराष्ट्र मन्त्रालय बेखबर छ । परराष्ट्र मन्त्रालयलाई कसरी हामीले सेन्टरमा राख्न

सक्छौं, त्यसमा हामले के सुधार गयौं? त्यो सुधार गरेनौं भने हामी भोलि पनि यस्तै कुरामा फस्छौं ।

तेस्रो जसरी सैद्धान्तिक सहमति दिइएको थियो आउटगोइङ सरकार त्यति बेला सुशिल कोइरालाज्यू हुनुन्थ्यो । त्यति बेला यति डिटेलमा यसमा छलफल पनि भएको थिएन भन्ने बुझिन्छ किनभने भूकम्प थियो, विपद् थियो विपद्लाई सहयोग हुन्छ भनेर सैद्धान्तिक सहमति दिएको देखिन्छ । त्यसपछि आएको जुन ड्राफ्ट छ अस्ति भरखर आएको १० बुँदे, १२ बुँदे हो त्यो ड्राफ्ट कसले ल्यायो, किन ल्यायो, कसरी ल्यायो, त्यो ड्राफ्ट किन आयो, कोबाट ड्राफ्ट आयो भन्ने कुराको अहिलेसम्म पनि एन्सर आ'को छैन । कहाँबाट उत्पति भयो त्यो ड्राफ्ट? त्यो पनि एन्सर आ'को छैन । तर योसँग लुकेको कुरा जुन अहिले मैले सुनिराखेको छु आशा छ मलाई यो मेलै गलत समाचार सुनें भनेर भन्नुपरोस् यसैबाट । मैले सुनेको चैं के हो भने सेनाको अहिलेसम्म जुन निर्विवाद छ, नेपाली सेना अहिलेसम्म विवादमा फसेको छैन, विवादमा पार्नु पनि हुँदैन । तर सेनाका उच्च पदस्थ अधिकारीहरू कि आफ्नो ग्रिन कार्डमा कि आफ्नो परिवारको ग्रिन कार्डमा अमेरिकामा बस्छन् । अनि यो अहिले एसपीपीमा पनि धेरै चैं उच्च पदस्थ निवृत्तिभरण भइसकेका अवकाश प्राप्त सेनाका अधिकारीहरूले धेरै चैं छलफलमा भाग लिएको देखिन्छ । त्यसले गर्दाखेरि यो एउटा अनुसन्धानको विषय बन्न पर्छ जस्तो मलाई लाग्छ । यो बहुत डर लाग्दो, दुःख लाग्दो विषय मैले यहाँ राख्न खोजें । यसमा पनि मैले प्रधानमन्त्रीज्यूको ध्यानाकार्षण गर्न चाहें रक्षा मन्त्रीको हैसियतले ।

दोस्रो अर्थ मन्त्री, अर्थमा त अर्थमन्त्रालयमा अर्थको बेनर्थ, अर्नथ के के भा'को के के भा'को छ । यसमा म धेरै कुरा जाँदिनँ संसदीय समिति नै छ, छलफल हुँदै छ । मेरा खाली दुई, तीनटा कुराहरू छन् । इन्डियन टेलिभिजनमा हिजो मात्र हेरें नेपाल एकदम अर्को श्रीलङ्का भयो भनेर यति लामो चैं, यति ठुलो चैं न्यूज आइराखेको रैछ करिब आधा घण्टा जतिको । हेरे मैले दिक्क पनि लाग्यो । सरकारले ठिक छ भन्छ अर्थतन्त्र त्यति अप्ठ्यारो छैन भन्छ (सम्माननीयज्यू मलाई १ मिनेट है) अनि सरकारले सबै ठिक छ भन्छ बाहिर अर्थविद्हरू चिन्ता व्यक्त गरिराखेका छन् । म आफै पनि चिन्तामै छु किनभने सूचकहरू गतिलो छैन । यो हामी चैं आरोपमा, प्रत्यारोपमा धेरै छौं । हिजोको सरकारले बिगारेको हामी पनि बिगाछौं भन्ने होडमा छौं कि के छ था' छैन मलाई । त्यो भएर मलाई अर्थमा भन्न मन लागेको २ ओटा कुरा, एउटा सरकारले अहिलेको वास्तविक तथ्य के हो? त्यो तथ्य तथ्याङ्क अगाडि ल्याएर सबै सूचकहरूको

आधारमा तथ्य तथ्याङ्क अगाडि ल्याएर अब बिग्रिन नदिन के गर्ने भनेर राष्ट्रिय सहमति गर्नु जरुरी छ । यसमा तथ्य तथ्याङ्क नभईकन हामीले त्यो गर्न सक्दैनौं । त्यो गर्नको लागि हिम्मत गर्नुपर्छ । त्यो मैले प्रधानमन्त्रीलाई अर्थ मन्त्रीको हैसियतामा रिक्वेस्ट गरें ।

र दोस्रो अर्थसँग भनेको कुरा चैं फेरि पनि सुशासनमा गाँसिएको छ । सचिव डराउँछ, सचिव डराउँछन् अनि संसदीय समितिसँग बोल्न सकेनन् हरे, आशु आयो रे, भकभकिए रे, कति बेरसम्म संसदीय समितिले प्रश्न राख्न सकेन रे सचिवलाई । किन डराउँछ? जनयुद्धको धङधडी ग'को छैन? किन डराका सचिव? अनि सचिव बिदामा किन बस्या? यो मन्त्रीसँग काम गर्न सक्दिन भनेर सचिव बिदामा बस्ने । मन्त्री गएपछि सचिव फर्किने । अनि डराएर संसदीय समितिसँग बोल्नै नसक्ने अनि कार्यविधिले ३ महिना फुटेज राख्नु भनेको छ फुटेज नराख्ने । त्यो कर्मचारीलाई के सजाय भो'? फुटेज नराख्ने कर्मचारीलाई? मेरो यो प्रश्न प्रधानमन्त्रीलाई अर्थ मन्त्रीको हैसियतमा र कृपा गरेर म फेरि पनि दोहोर्याउँदै छु (**सम्माननीय अध्यक्षः-** माननीय समय सकिएको छ) मैले यो सदनबाट यहाँ बस्नुभएको सांसदहरूबाट सम्माननीय अध्यक्षज्यू एन्सर मागेको होइन मैले सरकारको एन्सर मागेको हो । प्रधानमन्त्रीज्यूले एन्सर गर्नुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय महेश कुमार महरा । समय ७ मिनेट । यसपछि माननीय इन्दु कडरीया ।

**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, म आज यो विशेष समयमा मेरो आफ्नै जिल्ला डडेल्धुरा मैले पटक पटक त्यो समस्या यहाँ उठाइरहेको थिएँ र फेरि आज पनि त्यो समस्या उठाउन गइरहेको छु । २०७७ साल साउन १९ देखि ३२ गतेसम्म अविरल वर्षा भयो । र डडेल्घुरा जिल्लाको आलिताल गाउँपालिका वडा नं ७ मा पर्ने बलौच, अवोल र खिन्देभा यी ३, ४ ओटा गाउँमा पहिरो गएर लगभग ६० ओटा घर परिवारहरू त्यहाँ विस्थापित भए । विस्थापित भइसकेपछि त्यो कुरा मैले यहाँ सदनमा कुरा उठाएको थिएँ । र निकै त्यहाँ समस्या भो' । र त्यो समस्या प्रदेश सरकारले पनि समस्या समाधान गर्न सकेन र स्थानीय तहले पनि गर्न सक्ने कुरो भएन । त्यो भइसकेपछि मैले यो पटक पटक यो

सम्मानित सदनमा कुरा उठाएर नेपाल सरकारको मैलै ध्यानाकार्षण गराएँ । तर त्यो समस्या समाधान हुन सकेको छैन । फेरि यो वर्षायाम सुरु भइसक्या छ र त्यहाँ पहिरो जाने क्रम पनि जारी छ र ती घर परिवारहरूलाई कहाँ स्तान्तरण गरेर राख्ने, तिनलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरो अहिलेसम्म सरकार चैं चिन्तित भएको छैन । त्यसो भएको कारण म सम्माननीय अध्यक्ष महोदयमार्फत म सम्बन्धित मन्त्रालय र नेपाल सरकारको ध्यानाकार्षण गराउन चाहन्छु ।

यसै गरी गत वर्ष चैं सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लामा के भो त भन्दाखेरि बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिकामा पनि पहिरो गयो । त्यहाँ धन जनको पनि क्षति भो' । त्यसै गरी खलरा गाउँमा पनि चैं त्यो समस्या भो' । र ती विस्थापित घर परिवारले अहिलेसम्म न राहत पाए, न उनको व्यवस्था भएको छ । त्यति मात्र होइन यो छान्ना गाउँपालिका र खप्तडमा चैं जोड्ने एउटा पुलहरू बगायो त्यति खेरेरको बाढी पहिरोले । त्यो पुल त्यो नदी आफ्नो वहाव चेन्ज गर्यो । र अहिले त्यहाँ पुल पनि छैन, बन्न सकेको अवस्था छैन । निकै जर्जराको अवस्था र यो समस्या समाधान हुन सकेको अवस्था छैन । त्यसो भएको हुँदा यी समस्याहरूलाई तत्कालै उहाँहरूको व्यवस्थापन कसरी गर्न सकिन्छ ती विस्थापित घर परिवारलाई स्थापित गर्ने अथवा कुनै अर्को ठाउँमा स्थान्तरण गरेर राख्न सकिन्छ । के सकिन्छ यो विषयमा नेपाल सरकारको ध्यान जाओस् भन्ने म कुरा राख्न चाहन्छु ।

र यहाँ धेरै कुराहरू उठे । अब यहाँ धेरै कुराहरू उठेका छन् । म के भन्न चाहन्छु भने सम्माननीय अध्यक्ष महोदय, यो परिवर्तन जुन संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा हामी छौं यो परिवर्तनका लागि हामी सबै आआफ्नो ठाउँमा लड्यौं र यो व्यवस्था ल्यायौं । तर आज यो व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाका ठिक छैन भन्ने आवाजहरू चैं गुञ्जिरहेका छन् यो या त्यो रूपमा । यो कहाँबाट कुरा उठिरहेको छ? किन यसो भइरहेको छ भन्दाखेरि हिजो एक दशक लामो जनयुद्ध नेपालमा चलिरहँदा र त्यसको जगमा १९ दिने जनआन्दोलन भएको थियो । र त्यति बेला यो संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षधरभन्दा अरू यो व्यवस्थालाई नरुचाइरहेका केही मान्छेहरूले यस्तो गरिरहेको त छैन? भन्ने चैं हामीले आशङ्का भनौं न उब्जाइरहेको छ । त्यसो भएको हुँदा म के भन्छु भने यहाँ धेरै कुराहरू उठे । परमादेशका कुराहरू उठे, अग्रगमनका कुराहरू उठे र पश्चगमनका कुराहरू पनि उठे । म यति मात्र भन्न चाहन्छु के नेपालको संविधानलाई धुजा धुजा गर्न दुई दुईचोटि यो संसद विघटन गर्न यो

अग्रगमन हो? या पक्षगमन हो? अनि यसै गरी नेपालको हितमा नभएको महाकाली सन्धि गर्दाखेरि के भूमिका खेल्नुभा' थियो? के त्यो राष्ट्रवादी चरित्र हो? त्यो राष्ट्रवादी कुरा हो या अराष्ट्रवादी कुरा हो? या राष्ट्र घात हो? यो कुरा हामीले बुझ्न जरुरी छ । त्यसो भएको हुँदा म यहाँ के भन्छु भने जसरी १ दशक लामो जनयुद्धको क्रममा हजारौं सहिदको बलिदानबाट उपज त्यो सहिदको उपज संघीय लोकतान्त्रिक गणतन्त्र छ यो व्यवस्थालाई कमजोर गर्नका निम्ति हिजो त्यस्ता कुराहरू यहाँ गरिए । तर यद्यपि जनताको शक्ति र भनौं सर्वोच्च अदालतको सही संविधानको व्याख्याका अनुसार यो प्रस्तावित भयो र अहिले हामी यहाँसम्म आइपुगेका छौं र यो व्यवस्था पनि बच्यो, संविधान पनि बच्यो यो चैं ध्रुव सत्य कुरा हो ।

यसो भनिरहँदा मैले धेरै कुरा के बुझें भने यो नैतिकताका कुराहरू पनि धेरै उठे । मर्यादाका कुराहरू पनि धेरै कुरा उठिरहेका छन् । आफूले बोल्दा अथवा आफूले जे बोल्दा पनि नैतिकता हुन्छ र मर्यादा हुन्छ । अरूले सामान्य आलोचना गर्दा पनि मर्यादा र नैतिकताको पाठहरू सिकाइन्छ । त्यसो हुन सक्दैन । म एउटा उदाहरण दिन्छु । सम्माननीय पूर्व प्रधानमन्त्री खड्ग प्रसाद ओलीज्यूले एउटा कार्यक्रममा भन्नुभा' थियो । के भन्नुभो' भने उहाँले प्रचण्ड र माधव कुमार नेपाल मरेको भए त श्रद्धाञ्जली दिने थिएँ भनेर उहाँले त्यत्रो हाइटको नेता प्रधानमन्त्री भइसकेको मान्छेले बोल्नुभो' । के यो नैतिकता हो? के यो मर्यादा हो? कदापि होइन । त्यसो भएको कारणले म के भन्छु भने यी कुराहरू हामी सबैले सिक्न जरुरी छ । अरूलाई भन्न सजिलो छ । अरूलाई एउटा औला तेर्स्याउँदाखेरि आफूलाई पनि तीन ओटा औला आफूतिर तेर्सेको छ त्यसो भएको कुरा यो कुरा बुझ्न चैं जरुरी छ । यसमा हामीले धेरै वादविवाद नगरौं ।

तर अब हामी सबैको चिन्ता के छ भने यो सम्मानित सदनमा धेरै कुराहरू उठे । अर्थतन्त्रका कुराहरू उठे, श्रीलङ्का हुँदै छ भन्ने कुरा उठे । त्यसो भएको हुँदाखेरि हामीले मितभेद अपनाउनुपर्छ । म यहाँ एउटा कुरा के भन्न चाहन्छु भने अब यो सरकारले जुन भीआईपी हरूलाई दिने सुविधा छ पूर्वप्रधानमन्त्री, पूर्वसभामुख यो घटाउँदै जानुपर्छ । यो यदि हामीले घटाउन सकेनौं भने यो सदस्या पैदा हुन्छ । त्यति मात्र होइन अहिले यसो हेर्दै जाऊँ भने कर्मचारी सचिवदेखि लिएर अब हुँदा हुँदा तल सुब्बासम्म पनि गाडी चढ्नुपर्ने, उहाँहरूलाई पनि गाडीबिना १ इन्चअगाडि नहिड्ने अवस्था छ । यो कटौती गर्नुपर्छ । यदि यो कुरा कटौती गर्न सकेनौं भने हामीले जति कुरा यहाँ उठाए पनि

समस्या समाधन हुन सक्दैन । यहाँ फ्युलका कुराहरू छन् कसरी चैं बचाउने? इन्धनका कुराहरू छन् । अर्थतन्त्र कमजोर भो' । यो हामी हटाउँछौं कि हटाउँदैनौं? यो हटाउन तयार हुनुपर्छ । यो सरकारले तयार हुनुपर्छ र यो कटौती गर्न जरुरी छ । यो म जोडदार सम्माननीय अध्यक्षमार्फत यो जोडदार माग राख्न चाहन्छु ।

अर्को कुरो यसो हेर्दाखेरि यहाँ समृद्धिका कुराहरू आए । किन काम कुरो हुन सकिरहेको छैन? के यो राजनीतिक दलका नेताहरूको मात्र जिम्मेवारी हो? नेपाल सरकारका कर्मचारीको हो कि होइन? यो ब्युरोक्रेसीको बारेमा धेरै कुराहरू उठे । काहीं पनि सन्तोषजनकले काम गरिरहेका छैनन् । यहीं भरखरै कुरा उठ्यो । योभन्दा अगाडि पनि उठ्यो । तर म के भन्न चाहन्छु भने यदि यो देश कर्मचारीको पनि हो । उहाँहरूले इमान्दारपूर्वक काम गर्नुपर्छ । जो सरकारमा छ सरकारमा भइसकेपछि सरकारले गरेका निर्णयहरू इमान्दारपूर्वक छिटो र छरितो पारदर्शी हिसाबले क्रियान्वयन गर्नुपर्छ । यो कार्यान्वयन गर्न सकेनौं र उदासीनता देखायौं भनेपछि हामीले सोचेको समृद्ध नेपाल पनि बन्दैनौं, हामीले भनौं (**<u>सम्माननीय अध्यक्षः-</u>** माननीय समय सकिएको छ) खोजेको नेपाल पनि बनाउन सक्दैनौं । त्यसो भएको कारण म यही कुरा राख्दै आफ्नो कुरा अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय इन्दु कडरीया । समय ७ मिनेट । यसपछि माननीय माया प्रसाद शर्मा ।

**<u>माननीय श्री इन्दु कडरीया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकार जनताप्रति उत्तरदायी देखिँदैन । सरकारको ध्यान गठबन्धन जोगाउने, सत्ता टिकाउने र आफ्ना गल्ती कमजोरीहरूलाई ढाक छोप गर्न नै व्यस्त देखिन्छ । आम जनताका समस्या यथावत छन् । महङ्गी, मूल्य वृद्धिलगायतको विषयमा सरकार मौन देखिन्छ । आम जनताको चासो, चिन्ता र सरकारको विषयमा सरकार बेखबर छ । सरकार सत्ताको मोहमा केही सीमित व्यापारी र बिचौलियाको सेटिङकमा काम गरिरहेको छ । सरकारप्रति आम सर्वसाधारण जनताको आक्रोस देखिन्छ । सरकार कहाँ छ भनेर जनताले प्रश्न गर्न थालेका छन् । सम्माननीय अध्यक्ष महोदय, सत्तापक्षको एक जना माननीयज्यूले नेकपा एमालेको जन्म कलकत्तामा भएको भन्ने कुरा

बताउनुभयो । म कलकत्तामा भएको र कलकत्तामा नै नेकपा एमाले जाओस् भनेर उहाँले आदेश दिनुभयो । उहाँ कहाँबाट आउनुभएको हो? उहाँले आफ्नो इतिहास र आफ्नो पार्टीको इतिहास भुल्नुभएको हो? म उहाँलाई आफ्नो पार्टीको इतिहास फेरि पनि पढ्न आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकार गठबन्धन सत्ताभन्दा कुर्सी बचाउन र आगामी चुनावमा जनतालाई भ्रम सिर्जना गरी चुनावी माहोल बनाउनमै व्यस्त देखिन्छ । अध्यक्ष महोदय, अब नेकपा एमालेसँग एक्लै होइन सबै दलहरू मिलेर गठबन्धन गरी एमालेसँग चुनावमा लड्ने कुरा सुन्दा हासो लाग्यो । एक वर्षमा जनताका निम्ति केही नगरी सरकार किन मौन बस्यो? किन यी सरकारमा बसेका यी पार्टीहरू किन बोल्दैन? अदालतको परमादेशी सरकारले आम सर्वसाधरणको दैनिकी र महङ्गी नियन्त्रण किन नगरेको? थुप्रै जनताका समस्या यथावत छन् । धेरै पटक यस सम्मानित सदनमा माननीयज्यूहरूले जनसरोकार, जनताका आवश्यकता र सवालको विषयमा बोलिरहुनुभएको छ । तर वर्तमान सरकार र सरकारका सम्बन्धित मन्त्रीहरूले यति गम्भीर र जटिल विषयमा कुरा उठाउँदासमेत कुनै पनि माननीय मन्त्रीज्यूहरूले सम्बन्धित विषयमा यहाँ जवाफ दिएको पनि पाइएको छैन ।

सम्माननीय अध्यक्ष महोदय, अब म दोस्रो विषयमा प्रवेश गर्न चाहन्छु । कञ्चनपुरको निर्वाचन क्षेत्र नं. १ भारतसँग सीमा जोडिएको क्षेत्र हो । अन्त्य जटिल विषय रहेको यस क्षेत्रको सीमा विवाद हालसम्म पनि समाधान हुन सकेको छैन । महत्त्वपूर्ण प्यारा ताल जोगाउने विषय, गुमेको भूमि फिर्ता गरी ल्याउने विषय, विकास निर्माणका काममा भारतीय एसएसपीले अवरोध पुर्याएको विषयमा आफूले पटक पटक यस सम्मानित सदन सभामा कुरा उठाउँदै आएको र हालसम्म पनि सो विषयमा सरकारले सम्बोधन नगरेको म पूर्ण अध्यक्षमार्फत सरकारको ध्यानाकार्षण गराउन चाहन्छु । सीमाको रक्षा गर्दागर्दै साहदत प्राप्त गर्नेसहित गोविन्द गौतमलाई पनि म सम्झन चाहन्छु । हाल अन्तर्राष्ट्रिय सीमा समितिले खबरदारी गरिरहेको र सो समितिले पनि पटक पटक अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई जानकारी गराएको थियो तर यो समितिले पनि चासो र कुनै पनि चासो नदेखाएको कुरा पनि म यस सभामा जानकारी गराउन चाहन्छु । सो अन्तर्राष्ट्रिय सम्बन्ध समितिले डेलिगेसनमार्फत सरकारकोसमेत ध्यानाकार्षण गराएको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । तर यो विषयमा हालसम्म पनि कुनै सुनुवाइ नभएको र जनताको समस्या कहिलेसम्म, जनताले

यो समस्या कहिलेसम्म भोग्नुपर्ने हो? यो समस्याको समाधन कहिलेसम्म हुन्छ? सीमा विवादको समस्याको समाधान कहिलेसम्म हुन्छ? जनताले कहिलेसम्म भारतीय एसएसबीको धम्की सहनुपर्ने हो? म अध्यक्षमार्फत सम्बन्धित मन्त्रीज्यूको यस सम्मानित सभामा जवाफ माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूले भरखरै मात्र एक कार्यक्रमका बिच कमलरी, हरूवा, चरुवा, वदुवा राख्न नपाइने र अनधिकृत ऋण तिर्न नपर्ने घोषणा गर्नुभयो । यो अत्यन्तै सकारात्मक र राम्रो काम हो । म यो कामको समर्थन गर्न चाहन्छु तर प्रधानमन्त्रीज्यू आज २० लाख अव्यवस्थित बसोबासीहरूले हालसम्म पनि जग्गा धनी प्रमाण पुर्जा पाउन सकेका छैनन् । तीन निवर्तमान ओली सरकारले गठन गरेको सुकुमबासी आयोग खारेज गर्यो । उक्त समितिले सबै प्रमाण पूरा गरेर जग्गा धनी प्रमाण पुर्जा बाड्ने तयारीमा थियो तर वर्तमान सरकारले उक्त समिति खारेज गरेर ती ३० लाख सुकुमबासीको ढोका बन्द गर्ने काम गर्यो । वर्तमान सरकार बनेको पनि एक वर्ष भइसक्यो तर ती निमुखा गरिब जनताले जग्गा धनी प्रमाण पुर्जा हालसम्म पनि पाउन सकेका छैनन् र पाउने लक्षण पनि देखिएको छैन ।

सम्माननीय अध्यक्ष महोदय, म कञ्चनपुरको पुनर्वास नगरपालिकामा बसोबास अव्यवस्थित सुकुमबासीका बारेमा पनि आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । पुनर्वासमा २०२९ सालमा राजा महेन्द्रले बस्ती बसालेको यो बस्ती हो । र यहाँ २०२९ सालमा नै सबैले जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेका थिए । त्यसपछि त्यो बाँकी रहेको जमिन राष्ट्रिय आवास कम्पनीले आफ्नो नाममा दर्ता गर्यो र उक्त जमिनमा २०३५ सालदेखि बसोबास गर्ने सुकुमबासीहरूले हालसम्म पनि जग्गा धनी प्रमाण पुर्जा पाउन सकेका छैनन् र अहिलेसम्म पनि ती सुकुमबासीहरू त्यहीँ त्यसै बसिरहेका छन् । र उनीहरूको अहिलेसम्म पनि पुर्जा पाउने लक्षण पनि देखिँदैन । राष्ट्रिय आवास कम्पनीको नाममा रहेको उक्त जमिन कम्पनीले आफ्नो मूल्यमा बेच्न खोजेको र ती सुकुमबासीहरूले कम्पनीको मूल्य तिरेर किन्न सक्ने अवस्था पनि नरहेको छैन । राष्ट्रिय आवास कम्पनीले न्यूनतम राजस्व लिई सो जमिन सुकुमबासीका नाममा प्रमाण पुर्जा दिनुपर्छ र ती निमुखा जनताले त्यो कम्पनीले तोकेको मूल्यमा जग्गा तिरेर लिन सक्ने अवस्था नभएकोले न्यूनतम राजस्व लिएर मात्रै ती सुकुमबासीहरूलाई जग्गा दिन म अध्यक्षमार्फत सरकारको ध्यानाकार्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय माया प्रसाद शर्मा । समय ८ मिनेट । यसपछि माननीय सोनाम गेल्जेन शेर्पा ।

**माननीय माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, बेलायतको १६८८/८९ को क्रान्ति, फ्रान्सको १७८९ को क्रान्ति, फ्रान्सेली क्रान्ति, युरोपको औद्योगिक क्रान्तिको लहरका कारण विश्वमा आर्थिक विकासले ठुलो फट्को मारेको थियो । नेपालमा पनि २०५२ सालमा भएको महान जनयुद्धको जगमा भएको २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले राज्यको संरचनागत परिवर्तन गर्‍यो । देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना, संघीय संरचान, धर्म निरपेक्ष, समावेशी र समानुपातिक प्रतिनिधित्वको प्रयोग भइरहेको छ । यो परिवर्तनहरू राज्य व्यवस्थाका चारओटा पिल्लरको रूपमा खडा भएका छन् । यीमध्ये कुनै कसैलाई झिकिदिँदा वा ढालिदिँदा सबै उपलब्धिहरू गुम्ने कुरा निश्चित छ । प्राप्त उपलब्धिहरूलाई मन नपराउने एक थरी मान्छेहरू अब सङ्घीयताको आवश्यकता छैन भन्न गालेका छन् भने अर्को थरी मान्छेहरू गणतन्त्रको विरोध गरिरहेका छन्, अर्को थरी मान्छेहरू धर्म निरपेक्ष र समावेशीताको विरोध गरिराखेका स्थिति छ । यो परिस्थितिका विरुद्ध, यो परिवर्तनका विरुद्ध छ, संविधानका विरुद्ध छ । आग्रगामी परिवर्तनका विरुद्ध अन्यौलता, आशङ्का र विवाद सिर्जना गर्नु ऐतिहासिक झुट र बेइमानी हो । इतिहासमा जति पनि समाजिक क्रान्तिहरू भइराखेका छन् ती सशक्त वा सशस्त्र बलका आधारमा भइरहेका छन् । जनताको बलद्वारा सिंहदरबारको अधिकार गाउँमा गएको छ । सबै ठाउँहरूमा बाटा घाटाहरू, खानेपानीहरू, सिचाइँ, विद्युत्, विद्यालय, विश्व विद्यालयलगायतका ठुलठुला योजनाहरू बन्ने गरेका छन् । अन्य सेवाका क्षेत्रहरू पनि नजिकै पुगेका छन् । कयौं सकारात्मक कुराका साथै नकारात्मक कुराहरू पनि जाने गरेका छन् । राणा शासन, पञ्चायती शासन र अन्य शासन कालदेखि सिंहदरबारभित्रको विकृति, विसङ्गति पनि थोरै धेरै भित्रिएको होला । यसलाई सुधार्न अवश्य पनि सकिन्छ ।

अध्यक्ष महोदय, वर्तमान आवश्यकता भनेकै देशको वास्तविक स्रोत र साधनहरूको अधिकतम उपयोग गरेर आत्मनिर्भर अर्थ व्यवस्थाको निर्माण गर्नु हो । हामीसँग आयात मुखी अर्थतन्त्र छ । हाम्रो देश इन्धन ओद्योगिक उपज र औषधिहरूमा परनिर्भर नै थियो । खाद्यन्नमा परपूर्वकालदेखि आत्मनिर्भर बन्दै आएको हाम्रो देश परनिर्भरतामा रूपान्तरण हुँदै गएको छ । शिक्षा र स्वास्थ्य जस्तो सामाजिक क्षेत्रलाई

बजारको जिम्मा लगाइएको छ । यी दुवै क्षेत्र पैसा हुनेका लागि सुविधायुक्त र नहुनेका लागि सामान्य हुने गरी दुई भागमा घोषित भएका छन् । घर जग्गाको लगानीमा रमाउन थालेका छन् । अनुकूल सरकारी नीतिमार्फत पूर्वाधार विकास, उद्योग, धन्दा र कृषि विकासतर्फ लाग्नुपर्ने कुरै देखिएको छैन । कयौं राष्ट्रिय गौरवका आयोजनाहरू अपूरा र अधुरा रहेका छन् । यो समस्या अहिले नै एक्कासी प्राप्त भएको होइन । यो २०६२/६३ को परिवर्तनकारी कार्यहरूले गरेको सङ्घर्षको बलमा उभिन बाध्य भएका शक्तिहरू क्रमशः उल्टो बाटोमा हिँड्न खोजे । प्रतिगमनकारी चिन्तन, विचार र दृष्टिकोणको हाबी हुँदै गयो । यो प्रवृत्ति व्यवहार, बानीमा परिवर्तन नआउँदासम्म देश र नागरिकले आर्थिक अवस्थामा परिवर्तन पाउन सक्ने स्थिति छैन ।

भ्रष्टाचार, ढिला सुस्ती, अनियमितता हाम्रा प्रमुख दुस्मन हुन् । यसको मूल स्रोत राजनीतिक क्षेत्र भएको छ । अहिले सबै क्षेत्र, अहिले सबै तहका सरकार सञ्चालक, न्यायधीश, सरकारीको कर्मचारी, बैङ्क वित्तीय संस्था, अस्पताल, विद्यालय, विश्वविद्यालय, संङ्घ संस्थाहरूमा भएका आशङ्काका घटनाहरू बाहिर आइरहेका छन् । के ती एकैपटक यो सरकार बनेदेखि मात्र आएका हुन्? के यी समस्यहरू त्यति बेलै सिर्जना भएका हुन्? अवश्य होइनन् । पुराना शासक वर्गले आआफ्नो समय लगाएर निर्माण गरेको परम्परागत संस्कार वा बानी छ । त्यसको नयाँ रूप हो । मैले त धेरै पटक भन्ने गरेको छु २०४६ सालयताका मुख्य ओहदामा रहनुभएका प्रधानमन्त्री, मन्त्री, संसद तथा नेताहरू स्थायी सचिवदेखि माथिका कर्मचारीहरूका प्रतिमूलक कर्मचारीहरू सम्पत्तिको छानबिनको सङ्कल्प प्रस्ताव पारित गरौं । छानबिन समिति बनाऔं । यो गर्न हामी तयार छौं? के यो गर्न हामी तयार छौं? त्यही क्रमले तलसम्म लिने प्रयत्न गरौं । हाम्रो राष्ट्र निर्माणमा लामो रगत, आशु र पसिना बगाएकाहरूले पूर्ण दरबारीयाहरू, पूर्वपञ्चहरूसँग तुलना गर्दा लज्जाजनक हुने गर्दछ । अझै यो प्रवृत्ति संस्थागत भएको छैन । सुधार्न सकिने प्रस्तत आधारहरू छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष कम्रेट प्रचण्ड भरखरै भारत भ्रमण गरेर आउनुभएको छ । सन् २०२२ जुलाई १६ को नयाँ दिल्लीमा को को बसेर सत्ताको भागबन्डा र सहमति गरे भनेर भन्ने प्रायोजित हल्ला, साइबर समूह बोलिचालीको भाषामा साइबर स्यालहरूले गरिरहेको स्थिति छ । के साँच्चै प्रचण्डले सरकारका लागि मात्र देश, नेपाली जनताका वृद्ध प्राधिन्तालाई स्वीकार गरेर भाग बन्डा गर्न सक्छन्? मलाई त्यो विश्वास लाग्दैन । बरु पहिलो पटक सन् १९५० लगायतका सन्धिको पुनरावलोकन

लिम्पुवाधुरा कालापानी आदि इत्यादि विषयहरूमा खुलस्त रूपमा उठाएको विषयलाई गर्भ गरौं । त्यसको अनुसरण गर्ने बानीको विकास गरौं । सम्माननीय अध्यक्ष महोदयमार्फत म भन्न चाहन्छु कि माननीयज्यूहरू भ्रमको बैसाखीले सधैं पार लागाउन सक्दैन ।

अध्यक्ष महोदय, अहिले चर्चामा आएका एम अधिकार को हुन्? गभर्नरनै हुन् भनेर हामीले ठेल्नुभएन । तिनी कहाँ बस्छन्? के गर्छन्? अर्थ विभागमा रहेको कुरा वास्तविक नै होला त्यो हाम्रो चासोको विषय पनि भएन । तर गभर्नर यमप्रसाद अधिकार र यमप्रसाद अधिकारी एउटै बाबुका, एउटै उमेर, एउटै बेला जन्मेका छोरा हुन् या होइनन्? त्यही कुरा चासोको विषय बनेको छ । यदि त्यो हो भने र ती गभर्नर हुन् भने प्रष्ट पार्नुपर्यो । व्यक्तिले गभर्नर पदबाट राजीनामा तत्काल दिनुपर्यो ।

सम्माननीय अध्यक्ष महोदय, यहाँ परमादेशको कुरा उठ्ने गर्दछ । अदालतको काम भनेको परमादेश जाहेर गर्नु हो । परमादेशले पार्टीको निर्माण गरेको छ, परमादेशले सरकारको निर्माण गरेको छ, संसदको पुनःस्थापना गरेको छ । सबै हामी त्यसैमा रमाइराखेका छौं र खेलिराखेका छौं र त्यसैको गीत पनि गाइराखेका छौं । र यो कुरा हामीले परमादेशबाट यो अदालतले एउटा काम गरेका हुनाले यसलाई गीत गाइरहन अर्नथ हुँदै गइरहेको छ र यो बासी पुरानो थोत्रो भइराखेको छ । धन्यवाद । लाल सलाम ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सोनाम गेल्जेन शेर्पा । समय ८ मिनेट । यसपछि माननीय नारायण दत्त मिश्र ।

**माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, मैले केही कुरा राख्न चाहें । सर्वप्रथम त यो गरिमामय सभामा हामीले एउटा सङ्कल्प प्रस्ताव ल्याएका थियौं । यौनजन्य हिंसासम्बन्धी नाबालकको हकमा चैं हदम्याद नहुने भनेर सङ्कल्प प्रस्ताव पारित गर्यौं । पछि सरकारको तर्फबाट कानुन मन्त्रीज्यू आउनुभो' । सबै कुरा भन्नुभो' । हामीले सङ्कल्प प्रस्ताव पारित गर्दागर्दै पनि हामी यहाँ रहेका सम्पूर्ण माननीय सदस्यज्यूहरू भनौं या सत्तापक्षका, विपक्षका जो कोहीलाई म यहाँ दोष लगाउन चाहन्नँ । तैपनि हामी कति चैं उत्तरदायी रै'छौं, समाजप्रति कति उत्तरदायी

रै'छौं, देशप्रति कति उत्तरदायी रै'छौं, त्यो गाउँमा बस्ने महिला, अन्यायमा पारेका महिलाहरूप्रति कति उत्तरदायी रै'छौं भन्ने त्यसले चित्रण गरेको छ । त्यसकारण मलाई भन्न मन लाग्यो हामी दलको गुनगान गाउन, सत्ताको गुनगान गाउन यहाँ उपस्थित भ'का छौं । हामीले त्यत्रो गाउँमा परेको अन्यायको विरुद्ध, त्यो समाजमा परेका अन्यायको विरुद्ध बोल्ने हिम्मत हामी गर्दैन रै'छौं । हामी सत्ताको मा लोभ गर्द रै'छौं । पार्टीमा लोभ गर्द रै'छौं । अब हामीले यो गरिमामय सभालाई सत्ताभन्दा पनि माथि, पार्टीभन्दा पनि माथि देशको लागि, समाजको लागि हाम्रो आवाज बुलन्द गर्नुपर्छ भन्ने म मान्यता राख्द छु ।

अर्को यहाँ सङ्घीयतासम्बन्धी धेरै कुराहरू उठेको छ । खालि विकृतिको कुराहरू उठ्या छ भ्रष्टाचार भो', बेरुजु बढ्यो । अनि सङ्घीयताको कुरा गर्दाखेरि यो सरकार के हेरिरा'को छ? सङ्घीयताको मूल मेरुदण्ड भनेको कर्मचारीतन्त्र । कर्मचारी तन्त्र हुँदाहुँदै पनि आज सरकारले सङ्घीय निजामती ऐन पारित गर्न सकेको छैन । सरकारले गाउँ गाउँमा सिंहदरबार बनेको छ एउटा मालपोत लान सकेको छैन सरकारले, केन्द्रीय सरकारले । अनि सबै ठाउँ जुन किसिमको शिक्षा, स्वास्थ्यदेखि लिएर अधिकार दिनुपर्ने हो त्यो अधिकार दिएको छैन । अनि हलो अड्काउने गोरु चुट्ने भन्या जस्तो गरेर ल सङ्घीयता अगाडि बढ्नुपर्यो, सङ्घीयता अगाडि बढ्नुपर्यो भनेर विकृतिका कुराहरू गर्या छ, बेरुजुका कुराहरू गर्या छ, भ्रष्टाचारका कुराहरू गर्या छ । भ्रष्टाचार कसरी बढ्छ? बेरुजु कसरी बढ्छ? त्यहाँ राम्रो खालको स्थायी सरकार नभ'को कारणले, कर्माचारी तन्त्र राम्रोसँग व्यवस्थापन नभ'को कारणले बेरुजु बढ्छ । त्यहाँ भ्रष्टाचार कसरी बढ्छ? त्यहाँ राम्रो एजुकेसन नहुने, राम्रो खालको व्यवस्थापन नहुने, राम्रोसँग हाम्रो म्यानेजमेन्ट नहुने पक्षले त्यहाँ भ्रष्टाचार बढ्छ । त्यसकारण यो हलो अड्काएर गोरु चुट्ने कामलाई बन्द गरियोस् । सम्पूर्ण अधिकार प्रदेशमा दिइयोस्, सम्पूर्ण अधिकार गाउँमा दिइयोस् । जुन किसिमको सङ्घीयताको मर्म छ त्यहीअनुरूप व्यवस्थापन गरियोस् अनि अरू देशको उदाहरण हेरियोस् ।

अमेरिकामा सङ्घीय ५ वर्षमा सफल भ'को छ? स्वीट्जरल्यान्डमा पाँच वर्ष सङ्घीयता सफल भ'को छ? त्यसकारण आज गाउँ गाउँमा जानुस् केही उदाहरणहरू हेर्नुस् । गाउँ गाउँमा तपाईं गएर हेर्नुस् आफ्नो भाषामा पढा'को छ । आफूले पनि प्रतिनिधित्व हुने एउटा अवसर पा'को छ । आफूले पनि अपनत्व त्यो फिल गर्ने अवसर पा'को छ । यही हो सङ्घीयता । दलितले पा'को छ, महिलाले पा'को, जनजातिले पा'को

छ' अल्प सङ्ख्याहरूले पा'को छ । सरकार त्यहाँ गइसकेपछि सरकारले के अनुमति दिन सक्छ? गाउँमा बस्ने मान्छेले सिंहदरबार त्यहाँ देख्न थालेको छ । तर आज हामी यहाँ भन्दै छौं हामी संविधानलाई चैं सर्वोपरि मान्छौं तर हामी नै फेरि यहाँ क्वोइसन गर्छौं सङ्घीयतामा यस्तो भो' उस्तो भो' । त्यसकारण प्राक्टिस गर्न दिनुस् न, पाँच वर्षमा सफल हुन्छ, दश वर्षमा सफल हुन्छ अधिकार दिनुस् त्यो सङ्घीयता किन सफल हुँदैन । जहाँ पनि सफलता पाँच वर्षमा नतिजा आ'को छैन । तर हामी के भन्दै छौं भने केही पनि नगर्ने, फुल स्पिडमा दौडन नदिने, कानुन नबानउने प्रशासन सङ्घीयमार्फत राख्ने हुँदाहुँदै स्थानीय तहको कार्यकारी सङ्घले पठाउने र पूरै कन्ट्रोल मेकानिजम सङ्घले लिने । सीडिओको त कुरै छाड्दिनुस् । यस्तो खालको परिपाटीले सङ्घीय व्यवस्था कार्यान्वयन गर्न सक्छ? त्यसकारणले यो सङ्घीयता कसैले ल्याएको सङ्घीयता होइन । यत्रो हजारौं मान्छे बलिदान गरेर ल्याएको संङ्घीयता हो । त्यसकारण यसलाई व्यवस्थापन गर्ने जिम्मेवारी हामी सबैको हो । त्यसकारण हामी सबैले खबरदार गर्नुपर्छ । यो सङ्घीयता यो देशमा हुनै पर्छ भन्ने मान्यता हामी सबैले राख्नै पर्छ । यो चानचुने कुरा होइन । त्यसकारण आज एउटाले संङ्घीयता जाओस् भनेर सङ्घीता जाने वाला पनि छैन । त्यसकारण यो संङ्घीयताको कार्यान्वयन कसरी गर्ने भन्नेतर्फ हामी सोचनीय हुन जरुरी छ । हामी यो सङ्घीयताको संविधान लिएर नै यहाँ राष्ट्रिय सभाका सदस्य भ'का छौं, प्रतिनिधि सभाका सदस्य भ'का छौं, माननीय भ'का छौं, प्रधानमन्त्री भ'का छौं, उपप्रधानमन्त्री भ'का छौं, धेरै ठाउँमा ओगटेका छौं तर आज विषयमा गहन चिन्तन हुन जरुरी छ । यसप्रति म सम्माननीय अध्यक्षज्यूमार्फत यो सदनको ध्यान आर्कषण गर्न चाहन्छु ।

नेपालमा भ्रष्टाचार, भ्रष्टाचार भनिन्छ । सबभन्दा ठुलो माछा, सानो माछा भनिन्छ । मलाई त के लाग्छ भने सबभन्दा हामीले निर्मल गर्नुपर्ने यो सानो माछाहरू हो । यो सानो माछा ठुलो नभइकन यत्रो करोडौं, अरबौं खाने हिम्मत गर्दैन । कुनै मान्छेले पहिला १ रुपैयाँ घुस खाएन भने उसले २ रुपैयाँ खाने हिम्मत गर्दैन । यी अरबौं खानेहरू खाने पनि त्यो हजारको बिटो गन्ने हो भने हजारदेखि सुरु गरेकै हुनुपर्छ मेरो बिचारमा । त्यसले एकैचोटि अरबौं खा'को छैन, करोडौं खा'को छैन । त्यसकारण हामीले यस्तो खालको प्रणाली विकास गर्नुपर्यो जुन किसिमले हामीले एउटालाई पछ्याएर अख्तियार दुरुपयोगको मान्छेहरू, कर्मचारीहरू पछ्याएर, पुलिस प्रशासन लगाएर भ्रष्टाचार नियन्त्रण गर्नुभन्दा पनि देशमा एउटा सिस्टम खडा गर्नुपर्यो । हामीले अहिले नागरिकता

दिन्छौं, पासपोर्ट दिन्छौं अब नागरिकतामा हामीले यति दिनमा तपाईंले १२ हजार तिर्नुभो' भने ३ दिनमा आउँछ । जिल्ला प्रशासनमा जानुभो' भने तपाईंले १५ दिनमा भेट्नुहुन्छ भन्या जस्तो भनेर हरेक ठाउँमा हामीले कार्यान्वयन गर्ने शिलशिलामा त्यस्तो खालको सिस्टम बसाल्नुपर्यो । मन्त्रालयमा जाँदाखेरि सचिवले यो फाइल कति दिनमा त्यहाँ पुग्छ, एउटा कम्पनी दर्ता गर्नुपर्यो भने त्यो कति दिनमा त्यहाँ पुग्छ भनेर हामीलाई ग्यारेन्टी हुनुपर्यो । त्यस्तो खालको एउटा प्रणाली विकास गर्नुपर्यो । सिस्टम विकास गर्नुपर्यो ।

अब यहाँ त दुइटा खतरनाक कुराहरू छ । एउटा त भ्रष्टाचारको कुरा छ, एउटा इमान्दारीको कुरा पनि छ । फेरि इमान्दारलाई मैले किन खतरनाक भनेको भन्दाखेरि (१ मिनेट मैले समय लिएँ अध्यक्षज्यू) इमान्दार भन्ने कामै नगर्ने सबभन्दा खतरनाक यो पनि हो । त्यसकारण इमान्दारीको नाममा काम गर्ने अहिले जुन किसिमको प्रशासनहरू बाहिर आ'को छ, रिटाएर भएर हामीलाई धेरै अर्तीहरू दिनुहुन्छ उहाँहरूलाई पनि हामीले प्रश्न गर्न जरुरी छ । तपाईंले इमान्दारीको नाममा कतिवटा प्रोजेक्ट गर्नुभो' त? त्यसकारण बाग्मती प्रोजेक्ट गर्नुभो' कि तपाईंले ठुलो विद्युत्को प्रोजेक्टमा तपाईंले इमान्दारिता देखाउनुभो' कि अनि उहाँहरूसँग प्रश्न हुन्छ अनि उहाँहरूले कामै गरको छैन अनि इमान्दारिता देखाउने, मलाई अख्तियारमा उजुरी परेन, मलाई कसैले केही स्पष्टीकरण लिएन भनेर इमान्दारिता देखाउने । त्यसकारणले यसप्रति पनि सचेत हुन हामीलाई जरुरी छ । त्यसकारण यो देशलाई हामीले सम्पन्न बनाउन, राम्रो बनाउन हामी सबै लाग्नुपर्छ । त्यसकारण लागनको लागि हामीले व्यवस्थापन एकदम दुरुस्त गर्न जरुरी छ । यति भन्दै मैले मेरो दुई शब्द यहीं टुङ्ग्याए । धन्यवाद ।

**पुनःपीठासीनः-** सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट ।

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले पशुपतिनाथको मन्दिरको कुरा उठाएको थिएँ । भरखरै काशी विश्वनाथमा हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले पुजा गरेको भिडिओ सार्वजनिक भएको थियो । मुक्तिनाथमा भारतका प्रधानमन्त्री नारेन्द्र मोदीले गरेको पुजाको भिडिओ सार्वजनिक भएपछि मुक्तिनाथमा भारतीय पर्यटकहरूको घुइँचो लागेको थियो, घुइँचो लागेको छ । तसर्थ

संसारको सबैभन्दा सुन्दर पञ्चमुखी शिवको मुर्ति पशुपतिनाथको मुर्तिको फोटो, भिडिओसहित सार्वजनिक गरौं । सम्माननीय अध्यक्ष महोदय, मैले पशुपतिनाथको कुरा उठाइरहँदा अहिले पशुपति विकास क्षेत्र कोषका पदाधिकारीहरूको मौखिक ठाडो आदेशमा गुहेश्वरीको पुजा गर्न बन्द गरिएको छ । भैरवको पुजा गर्न पाइरहेका छैनन् । मान्छेहरू बाहिरबाट नै दर्शन गरेर फर्किरहेका छन् । खाली गुहेश्वरीको मुर्तिमा पाँच तोला सुन घिसियो भनेर, भैरवको मुर्तिमा ३ तोला सुन घिसिएको कारण तसर्थ त्यतातिर पट्टि पनि ध्यान जाओस् भनेर म अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, दुई सदनात्मक व्यवस्थापिकामा राष्ट्रिय सभाको महत्त्व देशलाई, जनतालाई, नेतालाई, समाजलाई, ख्याति प्राप्त व्यक्तिहरूलाई झल्काउन सक्नु हामी सबैको कर्तव्य हो । अझ सम्माननीय अध्यक्ष महोदय, तपाईंको भूमिका झन् महत्त्वपूर्ण छ र रहने छ । अस्तितिर प्रभावशाली माननीय सदस्यहरूले बोलेका कुराहरू मननयोग्य छन् । सम्माननीय अध्यक्ष महोदय, पाल्पामा बीपीले २०३७ सालमा विद्यार्थीहरूको प्रश्नको जवाफ दिनुभो' । विद्यार्थीहरूले सोधे यो कम्युनिष्ट र तपाईंहरूको समाजवादमा के अन्तर छ? भनेर बीपीलाई सोधे । बीपीले भन्नुभो' कम्युनिष्टमा प्रजातन्त्र थपिदिनुहोस् त्यही मेरो समाजवाद हो । हाम्रो समाजवादबाट प्रजातन्त्र झिकिदिनुहोस् त्यही कम्युनिष्ट हो । तसर्थ अहिले संसदीय व्यवस्था स्वीकार गरीकन समाजवादमा आएका गठबन्धनका साथीहरूले समाजवादी चिन्तन नेता विशेश्वरप्रसाद कोइरालाले निर्माण गरेको काँग्रेस पार्टीको सङ्गमा बस्न गौरव गर्नुपर्छ । त्यसकारणले यो गौरवको कुरा सँगसँगै आज म एउटा  मेरो आफ्नै जिल्लाको कुरा उठाउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कैलाली जिल्लाको १ नं. क्षेत्र जहाँ म बस्छु १ नं. क्षेत्रमा टिकापुर काण्ड घटेको थियो । टिकापुर काण्ड घट्नुभन्दा केही दिनअगाडि पूर्वतिरबाट केही नेताहरू गएर उनीहरूले चर्को चर्को भाषण गरेका थिए । त्यो भाषणले मात्र पुगेन कि । अखण्ड सुदूरपश्चिमको पक्षधर युवाहरू धनगढीबाट टिकापुर गएको बेलामा बाटैमा केही थारूहरूको घरमा ढुङ्गा मुढा भएको थियो । त्यसपछि थारुहरू टिकपुरमा थारू राज्यको साइन बोर्ड टास्नुपर्यो । लौ जाऊँ गाउँ गाउँबाट उठौं भनेर गाउँ गाउँबाट .....हरूलाई उर्दि गर्न लगाएर ठुलो सङ्ख्यामा थारूहरूलाई जम्मा गरियो । हतियारबिना पुगेको पुलिसहरूको त्यहाँ हत्या भएको थियो । अगि हुनुन्थ्यो अहिले म देख्दैन तत्कालीन गृह मन्त्री बामदेव गौतमज्यूले, उहाँले एउटा वक्तव्य दिनुभएको थियो । तसर्थ त्यो घटना केही थारूहरू मुद्दामा छन्, माननीय रेशम चौधरी

जेलमा छन् । उनलाई जेलमा राखिराखु, मानिसहरूलाई मुद्दा लगाइराखु कहीँ हिजो श्रीलङ्का आजभन्दा २८/३० वर्ष अगाडिको श्रीलङ्का दक्षिण एसियामा मानव सूचकाङ्कमा सबभन्दा अग्रणी स्थानमा थियो । प्रभाकरणको नेतृत्वमा तमिलहरू जो श्रीलङ्कामा चिया बगानमा चिया उगाउने काममा गएका थिए उनीहरूलाई ए हाम्रो छुट्टै राज्य गर्नुपर्छ भनीकन आफ्ना प्रायदिप वरिपरि आन्दोलनहरू ठुलो आन्दोलन भो' । जसको कारण सोझा साझा कति तमिलहरूले ज्यान गुमाउनुपर्यो श्रीलङ्काको अवस्था अस्त व्यस्त भो' । आज कैलाली जिल्लामा थारू राज्यको मागको कारण कहीँ भोलि सोझा सिधा थारूहरू द्वन्द्वको चपेटामा मुछिएर उनीहरूलाई असजिलो पर्ने कुरा हुन्छ कि भन्ने चिन्ताले सताएको छ । तसर्थ यसको किनारा कानुनबाट हुन्छ कि न्यायालयबाट हुन्छ कि सरकारबाट हुन्छ कि यसरी मानिसहरूलाई थुनेर राखेर उनीहरूमाथि मुद्दा कायम राखेर उनीहरूलाई उस्काउने काम अझै ज्यादा गरियो भने देशमा, सुदूरपश्चिममा, कैलाली जिल्लामा ज्यादा दुःख, झन्झट हुन सक्छ । (अर्को कागज निकालौँ कि म पुग्यो होला अध्यक्ष महोदय) (**<u>सम्माननीय अध्यक्षः-</u>** १५ सेकेन्ड बाँकी छ माननीयज्यू, १५ सेकेन्ड) अन्तमा यो कैलाली जिल्लाको यो मुद्दालाई सरकारले चिन्तित भएर सोचोस् र यसको छिटोभन्दा छिटो यसको समाधान होस् भन्ने अनुरोध गर्दै आफ्नो छोटो भनाइ यहीँ टुङ्ग्याउँछु । हवस् त धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीयहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथिको दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकमा १४ जना माननीय सदस्यहरूबाट ३ समूहमा संयुक्त संशोधन प्रस्तावहरू दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नु हुने संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यहाँ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको यो विधेयकमा दफावार छलफलको क्रममै छौं हामी । अब हामीले केही अत्यावश्यक विधेयकहरूलाई चैं हामीले छिटो छिटोबाट पनि पास गर्यौं । यो अध्यादेश पनि थिएन र यो नियमित विधेयकअन्तर्गतकै थियो । र यसलाई अलिकति समृद्धि राम्रो बनाउने कोसिसहरू, छलफलहरू भएकै थियो । यसलाई राम्रो कोसिस

गराउने मनसाय राख्दा राख्दै पनि कतिपय व्यक्तिहरूले चैं अलिकति यो पूर्वाग्रह राख्यो । तिमीहरूले यो मदन भण्डारी लेखेकै कारणले गर्दा असहयोग गर्यौं भन्ने आरोपहरू पनि आयो । अब माननीयज्यूहरूको आरोपलाई त म स्वीकार गर्दछु त्यो स्वाभाविक हो । अलिकति सचिवालयको उच्च पदस्त व्यक्तिहरूबाट पनि असन्तुष्टि आएकोमा चैं अलिकति ठिक लागेन ।

र अब यो के छ भन्दाखेरि हामीले धेरै कुरा गरेनौं यो एउटा शिक्षासम्बन्धी केही ऐनहरूलाई संशोधन गर्नको लागि एउटा विधेयक हाम्रो संसदमा यसअगि नै आएको थियो जसले चैं ११ ओटा विश्वविद्यालयहरूलाई संविधान अनुकूल बनाउने भन्यो । र मौलिक हकमा भएका उच्च शिक्षासम्बन्धी प्रावधानहरूलाई कार्यान्वयन गर्ने भनेर विधेयकहरू आ'को थियो । हामीले संसदमा एकदम विधेयक समितिमा पनि छलफल गरेर यसलाई अझै राम्रो बनाएर हामीले पठायौं र पछि योगमाया विश्वविद्यालय, आयुर्वेद विश्वविद्यालयको ऐनले पनि त्यहीअनुरूप हामीले एकदम राम्रो बनाउने कोसिसहरू गर्यौं । त्यहीअनुरूप केही छुटेका विषयहरूलाई यहाँ समेटेर जाऊ भन्न खोजिएको मात्रै थियो तर त्यो खालको अलिकति त्यहाँ माननीय मन्त्रीज्यूसँग पनि भेटै नगराइकन यतै यतैबाट साटसुट पार्ने जस्तो खालको पनि अलिकति त्यो कोसिसहरू चैं भयो त्यसलाई हामीले मन्त्रीज्यूसँग भेटयो भने धेरै विषय छैन एक दुई मिनेटमै धेरै कुरा सकिन्छ भनेर हामीले फेरि त्यसलाई छलफलमै पनि ल्यायौं । तर मेरो संशोधन प्रस्ताव हाम्रो समूहको तर्फबाट के छ भन्दाखेरि यो विश्वविद्यालय अब हाम्रो नेताहरूको नाउँमा अब एकदम विशिष्ट व्यक्तित्वहरूको नाउँमा आइसकेपछि विशिष्ट व्यक्तित्वहरूको नाममा खोल्ने जुन सुकै संस्थाहरूलाई हामी झन् एकदम उच्च मर्यादाका साथ उच्च तरिकाले त्यसलाई एकदम विवाद रहित तरिकाले टुङ्ग्याउनुपर्छ भन्ने कुरामा हाम्रो जोड, बल छँदै छ ।

अब यसमा यो नामनै विज्ञान तथा प्रविधि भइसकेपछाडि अब यसलाई यसले फेरि आर्टस, कमर्स, एजुकेसन, कानुनलगायतका विषयहरू पठाएर जाने कि नजाने? यसलाई विशिष्टीकृत विश्वविद्यालय बनाऊँ भन्ने विज्ञान र प्रविधिमै केन्द्रित विश्वविद्यालय बनाऊँ भन्ने विषयमै हामीले छलफलहरू संशोधनहरू पनि राखेका थियौं । त्यही भएर यसलाई कि विज्ञान तथा प्रविधि भनेर हटाउनुपर्यो मदन भण्डारी विश्वविद्यालय मात्र राखौं यसले जे जे पठाए पनि, जे जे गरे पनि पायो अरू विश्वविद्यालयजस्तै भयो । होइन विज्ञान प्रविधि राख्ने हो भने विज्ञान प्रविधिमै फोकस गरौं भन्ने संशोधनहरू यसमा छ । र अर्को कुरा के थियो भने अर्को कुरा चैं हामीले यो त्रिभुवन विश्वविद्यालयलगायत अरू थुप्रै पोखरा,

काठमाडौं अनि पूर्वाञ्चल विश्वविद्यालयहरूमा पहिला माननीय सांसदहरू त्यसको सभामा सदस्य हुने चलन थियो । सबै विश्वविद्यालयहरूमा माननीयज्यूहरू सदस्य हुनुन्थ्यो । पछि त्यहाँ किन हटाइयो? पछि चैं सबै विश्वविद्यालयहरूबाट सांसदहरू सदस्य हुने चैं सेयरको सदस्य हुने कुरा हटाइयो । त्यो किन हटाइयो र फेरि किन यसमा राखेर ल्याइयो? यो कुरा हामीले बुझिएन । यसलाई पनि एकरूपता मिलाऊँ भन्ने अर्को संशोधन छ ।

यसै गरी हामीले अर्को संशोधन चैं के थियो भने यही अब विभिन्न ११ ओटा विश्वविद्यालयमा भ'का ऐनअनुसारकै त्यो मौलिक हक कार्यान्वयन गर्ने उच्च शिक्षालाई चैं दलित, अपाङ्गता भ'का व्यक्तिलगायत सिमान्तकृत, पछाडि परेको वर्गहरूलाई चैं उच्च शिक्षाको पहुँच सुनिश्चित गर्ने कुरालाई यसमा राखौं भन्ने नै छ । र त्यो कुरामा हामीले उच्च शिक्षा निशुल्क हुने र छात्रावृत्तिको व्यवस्थाहरूलाई राख्ने कुराहरूलाई हामीले यसमा संशोधनको रूपमा थप्यौं । र अर्को कुरा चैं के छ भने अन्तिममा अब यसलाई यहाँ थुप्रै तोकिए बमोजिमका भन्ने ठाउँमा प्रशस्तै भए । यो प्रत्यायोजित अधिकार अलि बढी नै भयो । भोलि फेरि समयमै नियमावली नबन्ने अरू थुप्रैकारणले गर्दाखेरि यो ऐन कार्यान्वयन गर्न समस्या हुन्छ । बरु यो यो विषयमा ऐन बनाउन सकिन्छ त्यो तरिकाले कुन कुन विषयमा नियमावली बनाउन सकिने हो त्यसलाई तोकेरै जाऊँ यसलाई अझै सजिलो बनाऊ भन्ने कुराहरू हामी त्यहाँ संशोधनको क्रममा राख्यौं । र अन्तिममा चैं यो ऐनहरू बनेका बनै हुने तर समयमै कार्यान्वयन नहुने यसलाई चैं ऐन कार्यान्वयन मापन पनि गर्न सकियोस् । यस्ता नयाँ नयाँ विधेयकहरूलाई, नयाँ ऐनहरूलाई चैं ऐन कार्यान्वयन मापन पनि हुन सक्ने प्रावधानहरूलाई थपेर जाऊँ भनेर यो ४/५ ओटा विधेयकहरूमा हामीले यसलाई एउटा समृद्ध बनाउने, राम्रो बनाउने, उत्कृष्ट बनाउने र यसलाई अझै विशिष्टीकृत विश्वविद्यालय बनाउने भन्ने कोसिस र मनसायका साथ केही संशोधनहरू राखेका छौं माननीय मन्त्रीज्यूहरूले यो संशोधनहरूलाई स्वीकार गर्नुहुने छ भन्ने अपेक्षासहित भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, संयुक्त संशोधन कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, लामो समयको प्रतिक्षापछाडि मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधि सभाबाट सन्देशसहित हामीलाई प्राप्त भएको छ । र यो विज्ञान र प्रविधि नामसँग गाँसिएर आएको यो अत्यन्तै महत्त्वपूर्ण विधेयक छ । र यो विधेयकलाई परिमार्जनसहित हामीले पारित गर्नुपर्छ भन्ने हाम्रो सोचाइ रहेको छ । र यसमा देशमा विभिन्न नेताहरूका नाममा प्रतिष्ठानहरू छन् , विभिन्न प्रतिष्ठित संस्थाहरू छन् । र यो चैं एउटा विश्वविद्यालयकै नाममा आ'को छ । यो खुसीको कुरा पनि हो । हामीले पनि हाम्रो समूहको तर्फबाट केही संशोधनहरू राखेका छौं । र हामीले यसलाई यो विज्ञान तथा स्वास्थ्य समितिले पठाएको यो सन्देशलाई हामीले त्यति धेरै हेरेका छैनौं उहाँहरूले ठिकै गर्नुभएको होला भनेर । र मूल विधेयकमा हामीले चैं केही संशोधनहरू हालेका छौं । र त्यसमा यो ऐन तुरुन्त प्रारम्भ हुने छ भन्ने ठाउँमा हामीले यो प्रमाणीकरण भएको ३१ औं दिनपछाडि लागु हुने छ भनेर राखेका छौं । र ठाउँ ठाउँमा यो विधेयकको जस्तो परिच्छेद- २ को (३) मा पनि छ र अरू विभिन्न ठाउँहरूमा छ । यो विश्व स्तरीय जनशक्ति उत्पादन गर्ने भनेको रहेछ यसलाई हामीले अन्तर्राष्ट्रिय स्तरीय भनेर राखेका छौं ।

र यो विश्वविद्यालय चैं मकवानपुर जिल्लाको यही ठाउँमा चैं यसको कार्यालय हुने भनेर राखेको रहेछ । यसलाई हामीले संरक्षक समितिले तोकेको स्थानमा भनेर यो हामीले यसमा संशोधन हालेका छौं । र विभिन्न ठाउँहरूमा यहाँ प्रतिनिधित्वको व्यवस्था छ । यहाँ ३ ओटा संरचनाहरू छन् । तीन ओटा संरचनाहरूमा महिलाहरूको प्रतिनिधित्व चैं यहाँ कम भएको हामीले महसुस गरेका छौं । त्यसले गर्दा एक तिहाइ महिलाको सुनिश्चित गरिनुपर्छ भनेर हामीले यहाँ भन्या छौं । र संरक्षक समितिको गठन हुँदाखेरि प्रचलित कानुनबमोजिम स्थापना भएका विज्ञान तथा प्रविधि सम्बन्ध सार्वजनिक संस्थाका पूर्वपदाधिकारी र विज्ञान तथा प्रविधिको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव प्राप्त भनेर भनेको रहेछ यसमा १० वर्षको अनुभव भनेर हामीले भन्या छौं । र यो विभिन्न ठाउँमा यो संरक्षक भनेर भनेको ठाउँमा सदस्य भनेर राखेका छौं त्यसमा हामीले । र बैठकको हामीले यो संरक्षक समितिको बैठकमा १५ दिनअगावै भन्या रैछ १ हप्ताअगावै भनेर राख्नुपर्छ भनेर भन्या छौं ।

र यो तोकिएबमोजिम यो प्रत्यायोजन जुन व्यवस्था छ यसलाई कम गर्नुपर्छ, हटाउँदै लानुपर्छ भन्ने हाम्रो विधायन व्यवस्थापन समितिमा पनि छलफल हुने गरेको

छ । त्यसले गर्दा यो कुराहरूलाई हटाउनुपर्छ भन्ने छ र त्यसको साथसाथै यहाँ पदबाट हटाउने भन्ने एउटा रैछ यसमा चैं यो अध्यक्षलाई पदबाट हटाउँदाखेरि छानबिन प्रारम्भ भएको मितिले एक महिनाभित्र पदबाट हटाउनको लागि संयुक्त समितिमा सिफारिस गर्ने भनेर यहाँ के लेखेको रैछ भन्दाखेरि यो तीन महिना भनेर भनेको रैछ यसलाई हामीले एक महिनाभित्र भनेर यसलाई राख्नुपर्छ भनेर भन्या छौं । र यो ६० दिनको ठाउँमा हामीले दफा १६ को (७) मा ९० दिन भन्या ठाउँमा ६० दिन भनेर राखेका छौं । र यहाँ छात्रवृत्तिको व्यवस्था भन्ने ठाउँमा पिछडिएको क्षेत्र र सीमान्तकृत र अल्पशङ्केतबाट पनि प्रतिनिधित्व गराउनुपर्छ भनेर राख्या छौं । यस्तो खालका हामीले संशोधनहरू राखेका छौं र यी संशोधनहरूलाई र अन्तिममा यो ऐन मापन तथा मूल्याङ्कन हामीले पनि राखेका छौं र हरेक ऐनलाई मूल्याङ्कन र मापन गरिनुपर्छ भनेर यस कुरालाई पनि समावेश गरियोस् भनेर म अनुरोध गर्न चाहन्छु । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, संयुक्त संशोधन कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**<u>माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत माओवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो प्रतिनिधि सभाबाट सन्देशसहित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक विषयको हिसाबले पनि नयाँ र संरचनाको हिसाबले पनि नयाँ छ । यस हिसाबले यसलाई समितिमा लगेर अलि सघन रूपले छलफल गरौं, कतिपय सरोकारवाला पक्षलाई पनि बोलाएर छलफल गरौं, विज्ञहरूलाई पनि बोलाएर छलफल गरौं भन्ने हाम्रो चाहना थियो । त्यो मत पनि थियो हाम्रो । तर त्यति हुँदाहुँदै पनि सरकारको तर्फबाट यसलाई छिटै अगाडि बढाउनुपर्छ भन्ने कुरामा धेरै नै जोड भएको हुनाले यहाँ छलफल गर्ने सदनमै छलफल गर्नका निम्ति हामी सहमत भ'का छौं । तर यसमा राखिकएका कतिपय संशोधनहरू हामी तीनै समूहमा परेका संशोधनहरू पनि छन् । ती संशोधनहरू गर्नैपर्ने खालका छन् । त्यसो भएर त्यो सबै संशोधनका विषयमा म जान सक्दिनँ यो छोटो समय ५ मिनेटमा किनभने हामीले राखेका संशोधन यो सिङ्गै विधेयकमा ५४ ओटा संशोधन छन् । त्यसमध्ये हामीले राखेका संशोधन २१ ओटा छन् हाम्रो समूहले राखेका । दफा १, ४, ७, ९, १०, ११, १२, १३, १४,

१५, १६, १७, १८, १९, २०, २१, २२, २४, २७, २८, ३६ यति दफामा २१ ओटा संशोधन हाम्रा छन् । ती सबै संशोधन मैले यहाँ चर्चा गर्न समय पनि पुग्दैन, आवश्यक पनि ठान्दिनँ । तर संशोधनका केही महत्त्वपूर्ण विषयहरू छन् । ती महत्त्वपूर्ण विषय राख्नैपर्छ र यी महत्त्वपूर्ण विषयको सम्बोधन हुनुपर्छ भन्ने पनि मेरो माग हो ।

ती विषय के हुन् भने पहिलो कुरा त यो विधेयक हाम्रो संविधानका कतिपय प्रावधानसँग मिलेको छैन । त्यसकारण मिलाउनैपर्छ, संविधान अनुकूल बनाउनैपर्छ । त्यो संशोधन छ । त्यस्ता खालका संशोधन छन् हाम्रा पहिलो । दोस्रो अन्य विश्विद्यालय, विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्धित जुन विधेयकहरू हामीले बनाएका छौं ती विधेयकहरूसँग पनि मेल नखाने प्रावधानहरू यसमा छन् । त्यसलाई मिलाउनैपर्छ । तेस्रो कुरा यो समावेशिताको सिद्धान्त जुन हाम्रो संविधानले अवलम्बन गरेको छ हामीले अन्य कानुन निर्माण गर्दाखेरि अवलम्बन गर्या छौं यसले त्यो अवलम्बन गर्या छैन यो विधेयकले । त्यसकारण त्यो समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्नै पर्छ, स्वीकार गर्नुपर्छ । छात्रवृत्तिको व्यवस्थालाई अन्य विश्वविद्यालयमा जुन खालको व्यवस्था गरिएको छ संविधानले प्रदान गरेको मौलिक हकअन्तर्गत त्यसले गरेको छैन, यो विधेयकले गरेको छैन त्यसकारणले त्यो व्यवस्था गर्नैपर्छ । र अन्य माननीयज्यूहरूले भनेजस्तै यो प्रत्यायोजित व्यस्था अत्याधिक छ । यति धेरै प्रत्यायोजित व्यवस्था राखेर लान सकिँदैन । त्यसलाई कम गर्नुपर्छ र ऐन मापनको व्यवस्था गर्नुपर्छ । कम्तीमा पनि यति विषयहरूलाई सरकारको तर्फबाट मन्त्रीज्यूले स्वीकार गरिदिनुभो' भने यसलाई अगाडि बढाउनका निम्ति सहजता हुने छ अन्यथा यस्तो खालको अपुरो विधेयक चैं पास गरेर जाने कुरा नगरौं भन्ने अनुरोध गर्दै फेरि पनि मन्त्रीज्यूलाई यो विधेयक प्रस्तोताको तर्फबाट, सरकारको तर्फबाट यो हामीले उठाएका यो विधेयकमा अत्यन्त महत्त्वपूर्ण ठानिएका संशोधनहरूलाई स्वीकार गरेर अगाडि बढ्ने अनुरोधका साथ म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय

सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

मानननीय सुरेश कुमार आलेमगर । समय ३ मिनेट ।

<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, दिवङ्गत नेता मदन भण्डारी हामी कम्युनिष्टहरू स्वर्ग, नर्कमा विश्वास गर्दैनौं त्यसैले को स्वर्गीय को नरकीय हामी भन्दैनौं । दिवङ्गत नेता मदन भण्डारीको नाममा विश्वविद्यालय स्थापना हुनु धेरै सराहनीय कुरा हो, महत्त्वपूर्ण कुरा हो । त्यस हिसाबले यो ठिक छ । तर यो जुन स्थापना भइरहेको छ र जुन विधेयक यहाँ आएको छ यो बारेमा केही कुरा राख्न चाहन्छु । समय ३ मिनेट मात्र छ तर धेरै कुरो भ'को हुनाले म सरसरी जान चाहन्छु । दोस्रो प्रस्तवना दोस्रोमा बिचारक उत्पादन गर्ने भन्ने जुन छ अरू जनशक्ति आदि इत्यादि त प्राविधिक विज्ञ त उत्पादन हुन्छ विश्वविद्यालयबाट तर विचारक आइडोलग उत्पन्न हुन्छ कि हुन्न, पैदा हुन्छ कि हुन्न, गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरा चैं राख्न चाहन्छु एउटा । अर्को चैं यो विधेयक ऐनको नाम चैं २०७६ रहेछ ७६ हो कि ७९ हो त्यो अलिकति म कन्फ्युज भएँ । त्यसमा दोस्रोमा अध्यापक भन्नाले दोस्रो परिभाषाको (ख) मा अध्यापक भन्नाले दफा १९ बमोजिमको अध्यापक सम्झिनुपर्छ भन्ने छ । र १९ मा यसले परिभाषा खोज्यो, अध्यापकको परिभाषा खोज्यो यो बुँदाले तर १९ मा परिभाषा छैन । कर्मचारीको आदि इत्यादिको व्यवस्था गर्छ भन्ने छ । यसको (झ) मा मन्त्रालय भन्नाले नेपाल सरकारको शिक्षा विज्ञान मन्त्रालयलाई सम्झाउनुपर्छ भन्ने छ । मन्त्रालयका नामहरू फेरिरहन्छन् । त्यसले ठ्याक्कै यो राखेपछि अप्ठ्यारो पर्ने हो कि ।

त्यसै गरी अर्को यो मलाई पनि के लाग्या छ भन्दाखेरि यो विश्वविद्यालय अरू परम्परा विश्वविद्यालयभन्दा केही फरक यसको प्रकृति र यसको संरचना, यसको स्वरूप अलि फरक जस्तो मैले पनि बुझें । अन्त सिनेट हुन्छ, सभा हुन्छ यसमा संघीय समिति भन्ने रैछ र त्यसमा पनि कोही बात छैन नयाँ पन ल्याएकोले यो ठिकै छ । तर एउटा कुरा मलाई अन्य माननीयज्यूहरूले भन्नुभएजस्तै मलाई पनि के लाग्छ भने विज्ञान तथा प्रविधि विश्वविद्यालय भनेपछि मानविकी तथा समाज शास्त्र, व्यवस्थापन कानुन न्यायलगायतका विषयहरूको पढाइ हुने रहेछ । त्यो त्यसमा चैं के हो एउटा? अर्को यहाँ सङ्ख्या संरक्षक समितिको मैले १९ पुर्याएँ तर यहाँ गोला प्रथाबाट ४, ४, ४

गर्दाखेरि १४ जना पुग्छ । यो के रहेछ? अलिकति नमिलेको हो कि के हो? १९ जना को के हो अथवा ४ जनाको के गर्ने हो? त्यो एउटा अर्को चैं व्यवस्थापक ९ व्यवस्थापकीय विश्व शैक्षिक प्राज्ञिक व्यवस्थापीका तथा अन्य आवश्यक मापन सुरु गर्ने भन्या छ व्यवस्थापकीय भन्ने शब्द धेरै मान्छेहरू कन्फ्युज हुँदा रहेछन् व्यवस्थापकसँग सम्बन्धित व्यवस्थापकीय, व्यवस्थापनसँग सम्बन्धित व्यवस्थापकीय होइन । व्यवस्थापनसँग सम्बन्धित व्यवस्थापनसम्बन्धित, व्यवस्थापकीय भन्यो भने व्यवस्थापकको म्यानेजर त्यो हुन्छ । त्यही भएरै यो भाषा मिलाउनुपर्ला । अर्को चैं मलाई अलिकति महत्त्वपूर्ण लागेको मैले (मैले सक्न लागे सम्माननीय अध्यक्ष महोदय) ३० मा विदेशी नागरिक वा गैरआवसीय नेपाली नागरिकलाई नियुक्त मनोनयन गर्ने भन्ने विषयमा गैरआवश्य नेपाली नागरिकसम्मलाई त ठिकै छ तर विदेशी नागरिकलाई यो ..... मैले त्यो बुझें संरक्षक पनि मनोनयन गर्न सकिने, संरक्षण समितिको, सिफारिस समितिको, सदस्य, अध्यक्ष, उपाध्यक्ष, प्राज्ञिक परिषद्, विश्वविद्यालय आदि इत्यादि सबै .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुमित्रा वि.सी. । समय ३ मिनेट ।

**माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, हाम्रो यो मदन भण्डारी विश्वविद्यालयको विधेयकमा हाम्रो समूहको नेता माननीय देवेन्द्र दाहालज्यूले भनिसक्नुभा' छ यसको बारेमा म पूर्ण समर्थन गर्दै अब यहाँ अस्ति पनि चर्चा चल्यो । यसमा भएका कमी कमजोरीहरू र सच्याउनुपर्ने कुराहरूलाई समेटेर यो विधेयक पास गर्दा राम्रो हुने र यहाँ नेताहरूको नाममा यो विश्वविद्यालयहरू नखोलौं कि भन्ने कुराहरू पनि आ' थियो यसको बारेमा मलाई के लाग्छ भने हुनत सबै नेताहरू महत्त्वपूर्ण हुनुन्छ हाम्रा अग्रजहरू तर पनि मदन भण्डारी हाम्रो राष्ट्रको मात्र नभएर यो एसियाकै नेता विचार सिद्धान्तकार भ'को कारणले वहाँको नाममा विश्वविद्यालय खोलेर यो प्राविधिक जनशक्तिहरू उत्पादन गर्दा र नेपालीहरू यहाँबाट नेपाली विद्यार्थीहरूले प्राविधिक विषयमा विद्वत हासिल गर्न पाउँदा मलाई लाग्छ नामकै कारणले पनि गर्व गर्ने छन् र यसलाई हामी गुणस्तरीय र एकदम सबै खाले मान्छेहरू, सबै खाले वर्ग तरका र समावेशी ढङ्गले त्यो विश्वववियालयमा पढ्न पाउने वातावरण कसरी सिर्जना गर्न सक्छौं त्यसका निम्ति हामी सबै चिन्तित भ'को संशोधन कर्ता माननीयज्यूहरूले पनि भन्नुभ'को छ

र मेरो पनि भनाइ त्यही हो । त्यो विश्वविद्यालयजस्तै हाम्रा उच्च स्तरका नेताको नाम जोडिएपछि त्यही गुणस्तरको त्यहाँ चैं प्राविधिक विषयहरूलाई जोड दिएर पठन पाठन होस् भन्ने म चाहन्छु र यो विधेयक यसरी आओस् भन्ने म चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विषयमा हामी आज छलफलमा छौं । यो महत्त्वपूर्ण विधेयक हो र म स्वागत पनि गर्न चाहन्छु यो विधेयकलाई । र यसको चैं दफावार छलफलमा, प्रस्तावनामा, अन्य विधाका आदर्शवान जनशक्ति भन्ने शब्द नराख्दा पनि हुन्छ भन्ने लागेको छ । त्यसै गरी परिच्छेद- २ को ३ मा विश्वविद्यालय स्थापना सम्बन्धमा दफा १ मा मुलुकभित्र पछि रहेको विश्व स्तरीय भन्ने शब्दमा चैं विभिन्न ठाउँमा रहेको छ । अन्तर्राष्ट्रिय स्तरी भन्ने शब्द राख्दा ठिक हुन्छ भन्ने लागेको छ । दफा ३, ४, ५ मा चैं मकवानपुरको चितलाङ भनेर जुन तोकिएको छ यसमा चैं संरक्षक समितिले तोकेको स्थानमा विश्वविद्यालय राखिनुपर्दछ भनेर मैले आफ्नो सुझाव राख्न चाहन्छु । दफा ७ (२) (ङ) को ठाउँ ठाउँमा विश्व स्तरीय भन्ने शब्दको सट्टामा अन्तराष्ट्रिय स्तर राख्दा राम्रो हुन्छ । र अनुभवसहितका ख्याति प्राप्त व्यक्तिहरूमध्ये दुई जना भन्ने जुन छ महिलाहरूको सङ्ख्या पनि त्यहाँ चैं राख्दा एक जना राख्दा राम्रो हुन्छ भन्ने लाग्या छ । दफा ७ (२) को (च) मा १५ वर्ष भन्नेको सट्टा १० वर्ष राख्दा ठिक हुन्छ । संरक्षक समितिको गठनमा एक तिहाइ महिलाको सहभागितालाई ध्यान दिन आवश्यक छ ।

संरक्षक र सदस्यहरू भन्ने शब्द उल्टो भएको छ यसलाई सुल्टो बनाइनुपर्छ । यो ठाउँ ठाउँमा रहेको देखिन्छ । दफा १० को प्रज्ञिक परिषद्को गठनमा कम्तीमा एक जना महिला राखिनुपर्दछ । दफा ११ मा कार्यकारी परिषद्को गठनमा पनि एक जना महिला राख्दा ठिक हुन्छ । दफा १६ को (१) मा पदबाट हटाउनेमा वस्तुपरक भन्ने शब्द राखेको छु । यो अलि अमूर्त भयो यसलाई मूर्त गराइनुपर्छ भन्ने लागेको छ । दफा १६ उपदफा (४) को (२) मा चैं विश्वविद्यालयको हितविपरीत कुनै काम गरेको देखिए पछि छानबिन प्रारम्भ भएको मितिले एक महिनाभित्र पदबाट हटाउनको लागि संरक्षक समितिसमक्ष सिफारिस गर्ने भन्ने शब्द राख्दा ठिक हुन्छ भन्ने लागेको छ । यसै

गरी दफा २८ मा निरीक्षण जाँच समिति गठन गर्दा सम्बन्धित विषयमा विशेषज्ञ हासिल गरेको व्यक्तिमध्येबाट राखिँदा राम्रो हुन्छ । यसै गरी परिच्छेद महल विविधमा चैं छात्रवृत्तिको सम्बन्धमा केही छुटेका संविधानत त्यसले गर्दा विपन्न शब्दपछाडि दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, सीमान्तकृत र अल्पसङ्ख्यकलाई समेट्नुपर्छ भन्ने लागेको छ । सम्माननीय अध्यक्ष महोदय, यहाँमार्फत सम्बन्धित मन्त्रीज्यूले संशोधनमा आएका विषयवस्तुहरूलाई समेट्नको लागि आग्रह गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उदय बहादुर वोहोरा । समय ३ मिनेट ।

**माननीय श्री उदय बहादुर वोहोरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्मानीय अध्यक्ष महोदय, यो मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को सम्बन्धमा दफावार छलफल भइरहँदा यसका केही सकारात्मक पक्षहरू पनि छन् र नकारात्मक पक्ष जसलाई संशोधन गर्न पर्ने छ हाम्रो देलको नेता माननीय वेदुराम भुसालले बताइसक्नुभा' छ । त्यसलाई मैले यथास्थानमा राख्दै मैले प्रत्येक चिजलाई एउटा सापेक्ष वा निरपेक्ष दुइटै दृष्टिकोणले हेर्नुपर्छ भन्ने मेरो आफ्नो बुझाइ र ठहर छ । र यो विश्वविद्यालय मदन भण्डारी विश्वविद्यालयले एउटा नयाँ आयाम चैं पक्का पनि दिएको छ । र के छ भनेदेखिलाई अहिलेसम्म माननीय मन्त्रीज्यू पनि यहाँ हुनुन्छ, शिक्षा मन्त्रीज्यू । अहिलेसम्म हाम्रो विश्वविद्यालयको संरचना हिजोको पञ्चायतीभन्दा अलग जान सक्या छैन । हिजो राजा संरक्षक हुने आज राष्ट्रपति संरक्षक हुने । र हिजो कुलपति प्रधानमन्त्रीं, उपकुलपति शिक्षा मन्त्री यथावत रूपमा आज पनि त्यहीभित्रै हामी छौं नं. १ । त्यसो भ'को हुनाले यसले आफ्नो जुन एउटा संरक्षक समिति गठन गर्ने जुन विधि ल्याएको छ यो सकारात्मक छ ।

र यसमा केही चिजहरू मलाई लाग्या के हो भनेदेखिलाई मदन भण्डारी फाउन्डेसन जो आफैमा पनि एउटा गैरसरकारी संस्था हो । र यो संरक्षक समिति गठनको दफा ७ को उपदफा (२) को खण्ड (ट) मा मदन भण्डारी फाउन्डेसन र निजले तोकेको व्यक्तिले दुई जना वा सो फाउन्डेसनको अध्यक्षले तोकेको दुई जना सदस्य भन्ने जुन विषय छ र यो चैं मलाई के लाग्छ भनेदेखिलाई कतिपय चिजहरू राम्रा

हुँदाहुँदै पनि यो चिज आफैमा पनि एउटा गैरसरकारी संस्थाले त्यहाँ सिफारिस गर्ने जुन यो दफामा व्यवस्था गर्या छ यो मलाई लाग्छ यो बेठिक हो भन्ने मेरो आफ्नो ठहर छ । र मेरो शुभकामना के छ भनेदेखिलाई अहिलेसम्म विश्वविद्यालय खास गरेर यो व्यापारीकरण भइराख्या अवस्था छ । यो कुन कुन विषयवस्तुहरूमा व्यापारीकरणतिर गइराख्या छन् भन्ने चिजहरू म यसलाई गहिराइमा म जान चाहदिनँ । एफिलेसनबाट लगेर अब यसका विभिन्न शुल्कहरूबाट लगेर र धेरै चिजहरू छ र त्यसो भ'को हुनाले यो चिज विश्वविद्यालयबाट नहोस् आफ्नो गुणस्तरलाई कायम गर्दै अब मार्केटमा जुन प्रतिस्पर्धामा जुन विषय आफूले उत्पादन गरेका बाहिर गएर प्रतिस्पर्धा गर्ने तौरतरिकाबाट अगाडि बढ्नुपर्छ । जस्तै अहिले यो बुद्धिस्ट विश्वविद्यालय, लुम्बिनी बुद्धिस्ट विश्वविद्यालय जो आफ्नो उत्पाद नै बजारमा नदिएर अहिले उसले ल र इन्जिनियरिङ क्याम्पसको स्वीकृति दियो । शिक्षा मन्त्रालयले उजुरी पनि परे । शिक्षा मन्त्रालयले त्यसमा चैं के के समितिहरू के के गठन गरे तर उसलाई नियन्त्रण .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ३ मिनेट ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यो मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयसँग सम्बन्धित विधेयक प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भएको छ र हामी यसको दफावार विषयमा छलफल गरिराखेका छौं । सर्वप्रथम अगि हाम्रो समूहको तर्फबाट माननीय देवेन्द्रज्यूले राख्नुभएको संशोधनका दफाहरू छन् त्यसमा हाम्रो पूर्ण समर्थन छ । र यसमा केही छुटेका कुराहरू हामीले अलिकति छुटेका कुराहरलाई मैले चैं ती सबै कुराहरूलाई समर्थन गर्दै ती कुराहरूलाई यो विधेयकको विभिन्न दफाहरूमा प्रत्यायोजित नियमावली बनाउन सक्ने, नियमावली बनाउन सक्ने भनेर धेरै ठाउँमा लेखिएको छ । त्यसलाई यो विधेयकको अन्तिममा नियम बनाउन सक्ने भनेर दफा ३६ मा त्यो व्यवस्था भएको छ र यी जति पनि प्रत्यायोजित छन् ती प्रत्यायोजित भएका विषयहरूलाई एक मुष्ट रूपमा यहाँ १, २, ३ गरेर उपदफामा राख्न सकिन्छ । यसलाई यसरी सच्याउँदा राम्रो हुन्छ भन्ने कुरो म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई ध्यानकार्षण गराउँछु ।

अनि यो ऐन बनिसकेपछि यसको प्रभाव मूल्याङ्कन गर्ने विषयमा पाँच वर्ष पूरा भएको पहिलो वर्षदेखि यो ऐन मापनको विषयहरू पनि यसमा राखेर जानुपर्छ किनभने हामीले अरू ऐनमा पनि यस्ता व्यवस्था गरेका छौं र यसमा यो छुट्न ग'को छ । र यसै गरी यो छात्रवृत्तिको व्यवस्थापनको विषयमा हामीले समावेशी, सबै पक्षलाई, वर्ग तह सरकारलाई समेट्ने भनेका छौं र यसमा यो दलित, पिछडिएको क्षेत्र, सीमान्तकृत, अल्पसङ्ख्यक क्षेत्रका विद्यार्थीहरू यसमा छुट्न ग'का छन् अथवा ती क्षेत्रका पढ्ने विद्यार्थीहरू छात्रा, छात्रहरू छुट्न ग'का छन् । यसमा त्यो पक्षलाई समेट्ने गरी यो छात्रवृत्ति व्यवस्था भयो भने राम्रो हुन्छ र समग्रमा एउटा यो झट्ट हेर्दा मदन भण्डारी र नेपालको कम्युनिष्ट र आन्दोलनको धरोहर नयाँ बिचारवान नेता उहाँको नाममा विज्ञान तथा प्रविधिसँग सम्बन्धित एउटा विश्वस्तरीय एउटा अन्तर्राष्ट्रिय स्तरको प्रतिभाहरूलाई प्रतिस्पर्धा गर्न सक्ने प्रतिभाहरू उत्पादन गर्नेका निम्ति विश्वविद्यालयको अवधारणा आ'को छ । यो स्वागतयोग्य छ, राम्रो छ । अरू कुराहरू हामीले संसदमा राखेका छौं । यिनै कुराहरू समेटिउन भन्ने म अनुरोध गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलवासे । समय ३ मिनेट ।

**<u>माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो विश्वविद्यालय एउटा नयाँ ढङ्गको विश्वविद्यालयको रूपमा आएको हो र यसलाई विज्ञान तथा प्रविधिसम्बन्धी नै अगाडि बढाउँदा राम्रो हुन्छ । यसमा मानविकी समाज शास्त्र, व्यवस्थापन, कानुनलगायतका विषयमा अध्ययन अध्यापन गरिने भन्ने जुन कुरा छ त्यसले यसलाई त्यति राम्रो बनाएको छैन । यसलाई मिलाउनुपर्छ र संशोधन गर्नुपर्छ भन्ने विषय म राख्न चाहन्छु । अर्को कुरा योग्यमाया विश्वविद्यालय र  मदन भण्डारी विश्वविद्यालयमा हामीले कुलपति, उपकुलपति र डिनलाई चैं फरक व्यवस्था गरेका छौं । र त्यसो गर्दाखेरि अहिले राजनीतिबाट अलिकति मुक्त भएर र अलि स्वतन्त्र ढङ्गले यसलाई अगाडि बढाउने सञ्चालकहरू त्यसमा पुगुन् । र यसलाई एउटा पार्टीको बोलवालाको रूपमा र कुनै प्रतिष्ठानको बोलवालको रूपमा मात्र यसलाई अगाडि बढाउने होइन कि स्वतन्त्र, विज्ञ र विशेषज्ञहरूबाट यसलाई अगाडि बढाउनका लागि हामीले रचानात्मक व्यवस्था गरेका हौं भन्ने कुराहरू म राख्न चाहन्छु र

यसमा धेरै कुराहरू छन् । यो नयाँ विधेयक थियो । यो समितिमा छलफल हुनुपर्थ्यो । यसरी हतार हतार चैं यहाँ सदनमै दफावार छलफल गर्ने जुन विषय आएको छ आइन्दा अरू विधेयकहरूमा यस्तो व्यवस्था नगरियोस् भन्ने कुरा योभन्दा अगाडि पनि धेरै पटक उठ्यो र अहिले पनि म राख्न चाहन्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा । समय ३ मिनेट ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीज्यू, मैले यो विधेयकमा सुरुमै आफ्नो धारणा राखेको थिएँ सैद्धान्तिक छलफलको बेलामा पनि र विशेष गरी यसमा मैले मेरो आफ्ना केही धारणा राख्ने कर्ममा यो विश्वविद्यालय यति जरुरी पनि छैन किनभने हाम्रो संविधानले कतिपय अब प्रादेशिक विश्वविद्यालयसम्बन्धी अधिकार प्रदेशलाई दिएको छ । त्यसकारण अब हामीकहाँ अहिले अलरेडी ११ ओटा विश्वविद्यालय छन् । ११ ओटा विश्वविद्यालयमा अहिले ५ लाख ५६ हजार विद्यार्थी छन् । ५ लाख ५६ हजार विद्यार्थीमा ८० प्रतिशत त टीयू मा मात्रै पढ्छन् । अब ११ ओटा विश्वविद्यालयमा ८० प्रतिशत विद्यार्थी अहिले टीयू मात्रै पढ्छन् त्यसकारण अब प्रदेशले पनि धमाधम विश्वविद्यालय खोल्ने, अब हामीले पनि विश्वविद्यालय खोल्दै जाने हो भने अब के होला मैले अब सम्माननीय अध्यक्ष महोदयमार्फत मैले हाम्रो माननीय शिक्षा मन्त्रीज्यूसँग अनुरोध गर्न चाहन्छु । नेपालमा अब कति विश्वविद्यालय चाहिने हो? अब सङ्घीय सरकारले तपाईंहरूले पनि विश्वविद्यालय खोल्दै जाने, प्रदेशले पनि खोल्दै जाने यो प्रतिस्पर्धा कहिलेसम्म? तपाईंहरूले अब शिक्षा नीति हामीले बनाइसकेका छौं । मलाई लाग्छ शिक्षा नीति अहिले शिक्षा मन्त्रालयले अहिलेसम्म सार्वजनिक गरेको छैन । सम्वभत शिक्षा नीतिमा कुरा परेको छ कि छैन? त्यो कुरा पनि माननीय मन्त्रीज्यूले यहाँ यो संसदमा त्यो धारणा पनि आओस् ।

र विशेष गरी हामीले निजी क्षेत्रबाट जसरी २०४३ सालबाट हामीले बहुविश्वविद्यालयमा प्रवेश गर्ने भनेर हामीले नीति ल्यायौं । २०४८ सालदेखि विश्वविद्यालय खुले पनि । निजी क्षेत्रबाट खोलेका विश्वविद्यालयहरूमा विशेष गरी काठमाडौं विश्वविद्यालय एउटा राम्रो मानकको रूपमा आएको छ । त्योबाहेक अरू विश्वविद्यालयले राम्रोसँग केही गरे जस्तो मलाई लाग्दैन । तर अब जसले जुन जस्तो

खालको डिमान्ड छ नि त्यो डिमान्डअनुसार जस्तो उदाहरणको लागि मान्नुस् न भक्तपुरको ख्वप कलेजले १४ लाखमा म मेडिकल डाक्टर म उत्पादन गर्छु भन्दाखेरि मलाई तपाईंले मेडिकल एउटा युनिभर्सिटी दिनुस् भन्दा तपाईंहरूले यसमा खासै सुरुवात नगर्ने, बल पनि नगर्दिने । अब यो धमाधम तपाईंहरू विश्वविद्यालय खोल्दै जाने तल प्रदेशले पनि खोल्दै जाने हो भने नेपाली जनताको रगत र पसिनाले कमाएको जुन ट्याक्सबाट तपाईंले कसरी सस्टेन गर्न सक्नुहुन्छ यो जवाफ पनि आओस् ।

अध्यक्ष महोदय, विश्वविद्यालय जन्माउने मात्रै होइन जन्मिसक्या विश्वविद्यालयहरू पनि फुलाउने र फलाउने काममा जोड गरौं । नेपालको खस्कदो अवस्थालाई टेवा दिने खालको जनशक्ति उत्पादनमा जोड गरौं । विदेशी विश्वविद्यालयमा पढ्न जाने जनशक्ति त्रिभुनमै पढ्ने व्यवस्था गरौं । त्रिभूवनमै भएका अनुसन्धान केन्द्रहरूलाई जगारुक बनाऊ । समयको मागअनुसारको विषयवस्तु त्रि.वि.को पाठयक्रम समावेश गरौं । हाल सञ्चालित विश्वविद्यालयहरू समसमायिक परिवर्तन गरी देशको आर्थिक, सामाजिक, राजनीतिक र प्राविधिक धारको विकास गरी राष्ट्र उन्नपनमा जोड गरौं । अन्य विश्वविद्यालय खोलेर राष्ट्रलाई अनावश्यक भार बन्नबाट रोकौं भन्ने मेरो आसय हो । र यो विश्वविद्यालयको मकवानपुरको थाहा नगरपालिकाको चित्लाङ बनाउने भनिएको छ मैले सैद्धान्तिक छलफलमै भाग लिंदा भनेजस्तै यो विश्वविद्यलयको प्रस्तावित विधेयकदेखि लिएर यसको चलअचल सम्पत्तिहरू सबै प्रदेशमा हामीले हस्तान्तरण गरौं । कम्तीमा, प्रदेशले पनि कम्तीमा जथाभावी अहिले विश्वविद्यालय खोलेका छन् । कम्तीमा त्यहाँ पनि राहत हुन्छ । यो काम गरौं भन्ने मैले अनुरोध गर्न चाहन्छु । हवस् त धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय गोमा देवी तिमल्सिना । समय ३ मिनेट ।

<u>**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- अध्यक्ष महोदय, मेरो खास धेरै छैन । धेरै कुराहरू आइसक्या छन् । माननीय वेदु भुसालज्यूले हामी एउटै टिमको हो । हामी छलफलबाटै उहाँले राख्नुभ'को हो । त्यसमा पनि मैले अलिकति कुरालाई जोड दिन खोजेको । यो विचारक उत्पादन गर्ने भन्ने कुराहरू मलाई त्यो यसो हेर्नेबित्तिकै त्यो जचेन । त्यो विचारक भन्नेबित्तिकै हामी यहाँ धेरै विचारका मान्छेहरू छौं । कुन चैं विचारलाई उत्पादन गर्ने थलो त्यो

विश्वविद्यालयलाई बनाउने? यहाँ हामी फरक फरक बिचार राख्छौं । फरक फरक विचार आफ्नो ध्येयअनुसार सञ्चालन गर्न चाहन्छौं । त्यो एउटा मिल्दै नमिलेको कुरा हो विचारक होइन । त्यहाँ वैज्ञानिकलाई उत्पादन गर्ने कुरा हो । विज्ञहरू उत्पादन गर्ने कुरा हो । विचारक उत्पादन गर्नुपर्छ भन्ने मलाई लाग्दैन एउटा कुरा । अनि अर्को कुरा यहाँ अन्तबाट पनि आइसकेको छ । जस्तै त्यहाँ मदन भण्डारी फाउन्डेसनको तर्फबाट अध्यक्ष र अध्यक्षले तोकिएका दुई जना त्यहाँ समावशे हुनुपर्छ भन्ने त्यो संरक्षकमा त्यो पनि गलत हो । त्यो हुनुहुँदैन । किन हुनुहुँदैन भने म त्यसको कुरा पनि अलिकति भन्न चाहन्छु । मदन भण्डारी आदरणीय काम्रेड हामी सबैको आदरणीय हुनुहुन्छ तर मदन भण्डारी फाउन्डेसन नेकपा एमालेले मात्रै सञ्चालन गरेको छ । त्यसो भ'को हुनाले यो पार्टीले मात्रै सञ्चालन गर्ने विश्वविद्यालय हो कि, सरकारले सञ्चालन गर्ने विश्वविद्यालय हो कि, हामी सबैको विश्वविद्यालय हो? राष्ट्रिय, अन्तर्राष्ट्रिय जगतले चिन्ने विश्वविद्यालय यसमा सबैको साझा हुने त्यो के हो? यसको नित्रयोल हुनुपर्छ र त्यो राखिनुहुँदैन । मदन भण्डारीलाई अहिले त्यो फाउन्डेसनको कारणले छायामा पारिएको छ । एउटा खोपीको देउता जस्तो एमालेको मात्रै मदन भण्डारी बनाइनुहुँदैन । हामी सबैको साझा मदन भण्डारी, विश्वले चिनेको मदन भण्डारी बनाइनुपर्छ । र विश्वविद्यालय बनाउँदाखेर पनि त्यसमा गलत कुराहरू भएका छानबिन गर्नुपर्छ । हामीले धेरै छलफल गर्ने कुराहरू गर्न पाएनौं । यसमा यी कुराहरू नराख्नलाई म जोड दिएर अरू काम्रेडहरूले भन्नुभ'कोलाई पनि म अझै जोड दिन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीयजीहरूले निकै चासो दिएर यो विश्वविद्यालयको बारेमा आफ्ना धारणाहरू प्रस्तुत गर्नुभएको छ । म सबै माननीज्यूहरूले राख्नुभएका जिज्ञासा, त्यसलाई राम्रो बनाउनको

निम्ति गर्नुभएका कतिपय धारणाहरूलाई म हार्दिक, हार्दिक सम्मान पनि प्रकट गर्न चाहन्छु । यो विश्वविद्यालयहरू जति प्रस्ताव हुँदै आएका छन् शिक्षा मन्त्रालयमा ती आएका जति सबैलाई यसको सबै कुरा नबुझीकन अगाडि बढाइएको छैन । धेरै आएका छन्, आएकै कुरा गर्नुहुन्छ भनेदेखि विभिन्न सहरको नाममा, विभिन्न ऐतिहासिक धरोहरको नाममा, विभिन्न नदी नालाहरूको नाममा फरक फरक ठाउँका फरक फरक बौद्धिक व्यक्तित्वहरूले विश्वविद्यालय खोल्नुपर्छ, हामीले नि खोल्न पाउनुपर्छ भनेर आउनुभा' छ । र मन्त्रालयले त्यसमा अहिले ११ ओटा विश्वविद्यालयहरू छन् । त्यसमध्ये प्रक्रियामा रहेका दुइटा विश्वविद्यालयहरू मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र त्यसपछि योगमाया आयुर्वेदिक विश्वविद्यालय दुइटा विश्वविद्यालयलाई आवश्यक ठान्यो । र पराम्परागत हिसाबले यी विश्वविद्यालयहरूको प्रचलित हिजोका ११ ओटा विश्वविद्यालयहरूको संरचनाभन्दा फरक ढङ्गले प्रस्ताव गरिएको छ । र माननीयज्यूहरूले पनि यहाँ राख्नुभयो मलाई खुसी लागेको छ । हिजो कुनै बेला त्रिभूवन विश्वविद्यालय त्यसपछि संस्कृति विश्वविद्यालय थियो । त्यति बेला राजालाई कुलपति मान्ने प्रचलन थियो । अहिले पछिल्लो लोकतान्त्रिक प्रणाली आइसकेपछि पनि फरक भाषामा प्रधानमन्त्री कार्यकारी भ'को हुँदा स्वतः सबै विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने गरी कतिपय विश्वविद्यालयहरू अगाडि बढे ।

अब अहिले शिक्षा मन्त्रालयले यहाँ भरखरै माननीयज्यूले पनि राख्नुभ'को छ केही शिक्षा नीतिहरू अगाडि बढाएको छ । आउन बाँकी छ, सदनमै आउँछ । सम्बन्धित अन्य मन्त्रालयको पनि परामर्श आवश्यक भएको हुँदाखेरि परामर्शको प्रक्रियामा छन् । र हामी त्यसलाई सिफ्ट गरेर जो बाहिर चर्चामा उठिरहेको छ प्राज्ञ व्यक्तिहरू र व्यक्तित्वहरूबाट प्रतिस्पर्धा गराएर र प्रतिस्पर्धा गरेर आएका व्यक्ति र व्यक्तित्वहरूले विश्वविद्यालयको पदाधिकारी लिने र अगाडि बढ्ने गरी हामीले ऐन, कानुनी प्रक्रियाहरू अगाडि बढाएका छौं । अब नआउँदै त्यसको चर्चा गर्दा राम्रो नहोला । सङ्क्षिप्त रूपमा यहाँहरूलाई भन्नुपर्दाखेरि हिजो जुन परम्परागत ढाँचाले विश्वविद्यालयको संरचना छ त्यसलाई चैं सिफ्ट गरेर प्रतिस्पर्धा गरेर पनि आउनुपर्यो र विश्वविद्यालयमा मान्छेको राजनीतिक, वैचारिक, दार्शनिक दृष्टिकोणहरू होला तर विश्वविद्यालयमा ताला बन्दी गर्दा त्यसपछि गएर अरू कतिपय विश्वविद्यालयसम्बन्धी मागहरू राख्दाखेरि यी विषयहरूले निरन्तर प्रभावित रह्यो भने विश्वविद्यालय अनुसन्धान केन्द्र हुँदैन । विश्वविद्यालय भनेको अनुसन्धान केन्द्र हो । राज्यले बनाएका नीति निर्माणसित सम्बन्धित कतिपय कुराहरू

विश्वविद्यालयसित अरू देशको प्रचलन पनि के छ भन्दाखेरि प्रस्तावित गरेर सुझाव लिएर धेरै कुराहरू विश्वविद्यालयले दिएर सरकारले नै हेर्ने गर्छ । हामीकहाँ त्यो प्रचलन कम छ त्यसकारणले अलिकति यो मोडलतिर लान खोजिएको छ ।

र यो दुइटै विश्वविद्यालयहरू अहिले यो आज यहाँ छलफल चलिरहेको यो मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र यही राष्ट्रिय सभाबाट उत्पति भएको योगमाया आयुर्वेदिक विश्वविद्यालय यी दुइटा विश्वविद्यालयको यो संरचना हामी चैं फरक गरेका छौं । र हामीले त्यही अगाडि बढाउन खोजेको प्रणाली र परम्पराअनुरूप गरेका छौं । र यसको कार्यालय, केन्द्रिय कार्यालय चित्लाङ भनिएको छ र काभ्रे र मकवानपुर तोकिएको छ । र यसका कतिपय बजेटिङका कुरा, भौतिक पूर्वाधार निर्माणको कुरा र जग्गा प्राप्तिका कुराहरू पनि अगाडि बढिसकेको हुँदाखेरि हामी यो विश्वविद्यालय, यी दुइटा विश्वविद्यालयको सन्दर्भमा आवश्यक ठानेर मात्रै हामीले अगाडि बढाएका हौं ।

अब प्रदेशले पनि सातै प्रदेशले आफ्नो आफ्नो अनुकूलता विश्वविद्यालयहरू घोषणा गर्नुभएको छ । उहाँहरूसित पनि हामी सम्पर्कमा छौं । र यी खोलेका विश्वविद्यालयहरूलाई अब बन्ने ऐन, कानुन, नियमभित्र विशिष्टीकृत गर्दै जाने र त्रिभूवन विश्वविद्यालयलाई सेन्टर अफ एक्सिलेन्सिजको रूपमा अगाडि बढाउने । अहिले पनि नीति कार्यक्रमको बजेटमा हामी अगाडि बढाइसक्या छौं र ऐनमा नि हामीले त्यो अगाडि बढा' छौं भने अरू विश्वविद्यालयहरू विषयगत विश्वविद्यालयको रूपमा विशिष्टीकृत गर्दै जाने प्रक्रियामा हामी छौं । त्यसकारणले हामी त्यही अहिले सोच्न खोजेको र अगाडि बढ्न खोजेको हामीले यहाँहरूकै माननीयज्यूले उठा'कै र बाहिर उठेका कतिपय कुराहरूअनुरूप नै विश्वविद्यालयलाई नियमन गर्न खोजेको हुँदाखेरि यही फ्रेमहरूभित्रै यी दुइटा विश्वविद्यालयहरूलाई यही अहिले चालु सदनबाट नै टुङ्गो लगाएर गइयो भनेदेखि हामीले यसलाई अगाडि बढाउन सकिन्छ भनेर प्रस्ताव गरिएको हो छरपस्ट जसले खोल्न चाहनुभ'को त्यसलाई हामीले स्वीकृत दिएको अवस्था होइन ।

यसबाहेक दुइटा विश्वविद्यालयहरू चर्चामा छन् । खास गरी ख्वप विश्वविद्यालय उहाँहरूले भनिरहनु भा' छ । धेरैपटक छलफल पनि चलेको छ र १५ लाखमा हामी मेडिकल पढाइ गर्छौं भन्नुभा'को छ अब त्यो चैं स्वागतयोग्य कुरा हो । त्यो पनि हामी प्रक्रिया अगाडि बढा'को छौं । त्यो पनि हामीले खोज्यौं । २०७३ मा त्यो सदनमा पेस भ'को र'छ । अब यो सदनको प्रकृति र कानुनी प्रावधानअनुरूप चैं मन्त्रालयले त्यसलाई

पनि अगाडि बढाउने भनेका छौं किनभने त्यो एउटा इच्छापूर्वक रूपमा इच्छा शक्ति प्रकट गरेर हामी यतिमा मेडिकल पढाउँछौं । हामीलाई स्वीकृति दिइयोस् । मन्त्रालयले हामीले गरेको यो प्रस्तावलाई ध्यान दिइयोस् भन्ने कुरा त्यहाँ गरिएको हुँदाखेरि हामी चैं त्यो पनि हामी अगाडि बढा'का छौं र त्यसबाहेक अर्को एउटा मात्र विश्वविद्यालय जसले विशिष्ट रूपमा हामी चलाउछौं भनेर प्रस्ताव गर्नुभा' थियो त्यसका ठुला एकेडेमिक क्षेत्रका व्यक्तित्वहरू जम्मा भएर उहाँहरूले चैं एउटा प्रस्ताव गर्नुभएको छ । त्यो पनि सुन्न लायक छ । त्यो पनि हामी बढाउछौं र यति मात्रै अरू हामीले धेरै भनेका छैनौं । यति मात्रै विश्वविद्यालयको प्रक्रिया दुइटा हामीले प्लस थप गरेर हामी अगाडि बढाउन सोचेका छौं । छरपस्ट रूपमा छैन । मैले अब यहाँ धेरै लामो कुरा राख्न चाहन्नँ ।

अब यहाँहरूले खास गरी संशोधन कर्ता माननीयज्यूहरूले, अरू माननीयज्यूहरूले राख्नुभएका कतिपय कुराहरू जाहेज छन् । र यो निकै छलफलमा आएको र यो शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक पनि छ । र नेपालको संविधान पनि मैले यहाँ बोकेर लिएर आ'को छु । योसित नबाझिने गरी यो विश्वविद्यालयको ऐनको व्यवस्था गरेर यसलाई अगाडि बढाउँदाखेरि त्योसित नागरिकका शिक्षासित सम्बन्धित कुराहरू नबाझिने गरी जस्तो समावेशिताको कुरा, त्यसपछि गएर अरू कतिपय विश्वविद्यालयका फरक फरक संरचना नहुन भन्ने कुरा, जनताको पहुँचको सुनिश्चितता गर्ने कुरा र जनताका मौलिक हकसित सम्बन्धित शिक्षाका हक अधिकारहरू सुनिश्चित गर्ने कुरा प्रचलित कानुनअनुरूप होस् भन्ने कुरा माननीयज्यूहरूले जो उठाउनुभएको छ, संशोधन कर्ता माननीयज्यूहरूले उहाँहरूको त्यो चैं जाहेज छ । त्यसलाई हामीले यहाँ शब्द शब्दहरू हामी हेरेर अगाडि बढाउछौं । जस्तो महिलाको सुनिश्चितताको कुरा, यो कतिपय समय डेट मिलाउने कुरा, त्यसपछि गएर यो १० वर्षे वर्षको अनुभव भन्ने कुरा, यो पदबाट हटाइने, राख्ने कुरा यो कुन शब्द राम्रो हुन्छ यो खास गरी विश्वस्तर भन्ने कि यो शब्दलाई अन्तर्राष्ट्रिय लेख्ने भन्ने कुरा पनि यहाँ उठाउनुभएको छ यस्ता कतिपय कुराहरू समावेशीताको कुरा यी कतिपय कुराहरू चैं यहाँहरूले उठाउनुभएको छ । यी विषयहरू हामीले समावेश गर्न सकिन्छ र समावेश गर्न सकिने कुराहरू यहाँहरूले उठाउनुभएको र छलफलको क्रममा पनि निकै सक्रियतापूर्वक अनौपचारिक छलफलमा पनि संशोधन कर्ता माननीयहरूले यसलाई अगाडि बढाउनको निम्ति सहयोग गर्नुभएको कुरा पनि म यो सम्मानित सदनमा व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभामा उत्पति भएको शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन त्यसपछि प्रतिवेदन भनिएको सहित उक्त सभाबाट पारित भई यस सभाको व्यवस्थापन प्रक्रियाका लागि आएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि राष्ट्रिय सभाका माननीय सदस्यहरूद्वारा प्रस्तुत प्रस्तावहरूमध्ये नेपालको संविधानको मौलिक हकसम्बन्धी प्रावधानअनुरूप अन्य विश्वविद्यालयसम्बन्धी ऐनहरूमा भएका व्यवस्थासँग तादम्यता कायम गर्ने ऐन कार्यान्वयन मापनसम्बन्धी प्रावधान थप्नेलगायतका विषयवस्तुलाई समेटी विधेयकमा देहायबमोजिम संशोधन स्वीकार गर्ने कुरा म यहाँ राख्न चाहन्छु । विधेयकको दफा १ को उपदफा (१) मा रहेको २०७६ भन्ने अङ्कहरूको सट्टा २०७९ भन्ने अङ्कहरू राख्ने । यो जाहेज नै छ । प्रतिवेदनको बुँदा २ को उपबुँदा (१) ले विधेयकको दफा ३ को उपदफा (१) मा गरेको संशोधनको सुरुमा रहेको "मूलतः" भन्ने शब्द झिक्ने । यो कुरा पनि हामी छलफल गरेका छौं । विधेयकको दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफा क्रम मिलाउने । अलि यो क्रम नमिलेको हुँदाखेरि, ऋदम नमिलेको हुँदाखेरि यो विषय पनि कानुनी हिसाबले सरर प्रक्रियामा आओस् भन्ने कुरा यहाँ राख्नुभएको छ मिलाउने । संरक्षक समितिले संरक्षकहरूको मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्ने छ भन्ने कुरा लेख्ने मैले अगि पनि भनिसकें । संविधान र यो कतिपयअनुसार हामी त्यसलाई पनि मिलाउँछौं ।

साबिक उपदफा (१४) कायम हुने उपदफा (१५) मा रहेका "कुनै संरक्षकको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा" भन्ने शब्दहरूको सट्टा "कुनै संरक्षकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पदअनुरूपको आचरण नगरेको, इमान्दारीतापूर्वक आफ्नो कर्तव्य पालन नगरेको, विश्वविद्यालयको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी ठहर भएको वा कानुनले अयोग्य ठहर गरेको अवस्थामा" भन्ने शब्दहरू राख्ने । यसो गरियो भनेदेखि कतिपय कुराहरू त्यहाँ मिल्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । विधेयकको दफा २१ को सट्टा देहायको दफा २१ राख्ने । २१ निशुल्क उच्च शिक्षा तथा छात्रवृत्ति भन्ने छ त्यहाँ । (१) विश्वविद्यालयले तोकिएको मापदण्ड पूरा गरी विश्वविद्यालयमा भर्ना भएका दलित, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निशुल्क हुने छ भन्ने कुरा त्यहाँ समावेश गरिने छ । माननीयज्यूहरूले यहाँ उठाउनुभ'को छ । उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरणसम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा

सूचना प्रकाशित गरी तोकिएबमोजिक हुने छ । उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्रै उपयोग गर्न पाउने छ । प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यवसायिक तथा उच्च शिक्षामा भर्नाका लागि तोकिएबमोजिमको सिट सुरक्षित गरिने छ । विश्वविद्यालयले सहिद, बेपत्ता पारिएका र अपङ्गता भएका व्यक्तिका छोरा, छोरीका लागि प्रचलित कानुनमा व्यवस्थित भएबमोजिम उच्च शिक्षाको व्यवस्था गर्ने छ । कक्षा ६ देखि कक्षा १० सम्म सामुदायिक विद्यालय यो अरूमा पनि व्यवस्था गरिएको छ, अरू विश्वविद्यालयमा पनि । सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानुनबमोजिम छात्रवृत्ति पाउने छ । यो कुरालाई प्रष्ट रूपमा मिलाएर लेखिने छ । विधेयकको दफा ३५ पछि देहायको दफा २६ थपि त्यसपछिका दफा क्रमहरू कानुनी भाषा, शब्द मिलाएर यसलाई चैं मिलाइने छ । ऐन कार्यान्वयन मापन, ३६ ऐन कार्यान्वयन मापन अहिले उल्लेख गरें । यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्ने छ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नुपर्ने छ ।

र यी कतिपय कुराहरू र यहाँहरूले, माननीयजीहरूले उठाउनुभएका कतिपय कुराहरू यसलाई समावेश गरेर माननीय संशोधन कर्ताज्यूहरूसँग विशेष अनुरोध छ । तपाईंहरूले आफ्नो संशोधन प्रस्तावहरू यति विषयहरू समावेश गरिसकेपछि पक्कै पनि फिर्ता लिनुहुने छ र यो फेरि साझा विषय हो । यो नाम जोडिएको कारणले भन्ने पनि भ्रम नहोस् । ठुलठुला विश्वविद्यालयहरू, जवाहरलाल नेहरू विश्वविद्यालय, त्रिभूवन विश्वविद्यालय हाम्रै लुम्बिनी विश्वविद्यालय, लिङ्कन विश्वविद्यालय जस्ता विश्वविद्यालयहरू विशिष्ट व्यक्तित्वहरूको नाम छन् । नेपालको राजनीतिमा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट योगदान गरेका व्यक्तित्वहरूको नामका कारणले त्यसलाई चैं तल माथि गर्न विल्कुल खोजिएको होइन र कुनै पनि संशोधन कर्ता वा माननीयज्यूहरूले अनौपचारिक छलफलमा यस्तो प्रश्न उठाउनुभ'कै छैन । त्यसकारणले दुवै सदनमा नै यो आवश्यक छ, यो विश्वविद्यालय अगाडि बढाउन आवश्यक छ भन्ने कुरा धेरै माननीजीहरूले उठाउनुभ'को हुँदाखेरि संशोधन कर्ता माननीयज्यूहरूलाई म पुनःदोहोर्याएर भन्छु यहाँहरूले आफ्नो संशोधन प्रस्ताव यति कुरा समावेश भइसकेपछि फिर्ता लिनुहुने छ र

यसलाई हामी पास गरेर अगाडि बढाउने छौं । यही प्रस्ताव गर्दै म बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफावार छलफलमा सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि प्राप्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी सबैको सकारात्मक प्रयास र छलफलबाट माननीय मन्त्रीज्यूले हाम्रो अधिकांश कुराहरूलाई सम्बोधन गर्नुभ'को, स्वीकार पनि गर्नुभ'को हुनाले स्वीकार गर्नुभ'को विषयहरू स्वीकार भइ नै हाल्यो र बाँकी विषयहरूलाई चैं फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्तावमध्ये माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नुभएका संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

मानननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको बारेमा हामीले हाम्रो समूहको तर्फबाट पनि केही संशोधनहरू राखेका थियौं । माननीय मन्त्रीज्यूले रोस्ट्रममा उभिएर धेरै कुराहरू चैं उहाँले स्वीकारिसक्नुभएको छ । त्यसैले अब अहिले यो संशोधन प्रस्तावलाई जारी राखिरहनु उपयुक्त नभएको महसुस गर्या छौं हामीले र हाम्रो संशोधन प्रस्तावलाई पनि फिर्ता लिन चाहन्छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्तावमध्ये माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नुभएका संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय डा. वेदुराम भुसाल (नेपालल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकलाई वास्तवमा समितिमा लगेर अझ सघन रूपमा

छलफल गर्न पाएको भए अझ राम्रो हुनेथियो तर अब छिटै गरौं भन्ने सरकारको धारणा र हामीले उठाएका जस्तो मैले अघि छलफलकै क्रममा चर्चा गरेको थिएँ । केही महत्त्वपूर्ण विषयहरू जो यो विधेयकमा मिलाउनै पर्थ्यो । संविधान अनुकूल बनाउने विषय अन्य विश्वविद्यालका विधेयकहरूसँग, ऐनहरूसँग मिलाउनुपर्ने विषय, समावेशिताको विषय, छात्रवृत्तिको विषय जो मिलाउनै पर्ने खालका विषयहरू थिए ती विषयहरूसित सम्बन्धित हाम्रा संशोधनहरूलाई माननीय मन्त्रीज्यूले स्वीकार गर्नुभा'को हुनाले माननीय मन्त्रीज्यूले स्वीकार गर्नुभएकाबाहेकका हाम्रा संशोधनहरू फिर्ता लिन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्तावमध्ये माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नुभएका संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू र माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नुभएका संशोधन प्रस्तावहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ को अङ्ग बनोस्" भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू र माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नुभएका संशोधन प्रस्तावहरू सर्वसमितिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः मुलुकको लागि आवश्यक पर्ने सक्षम उच्च प्राविधिक, वैज्ञानिक र विचारकहरूको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सिर्जना गर्ने मौजुदा ज्ञान र प्रविधिलाई स्थानीय प्रवेश अनुकूल बनाई उपलब्ध गराउने उद्देश्यले सार्वजनिक स्वरूपको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल साउन ९ गते सोमवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साउन ९ गते सोमवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:३५ बजे ।**